लेखापरीक्षण प्रतिवेदन

मेल्लेख गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मेल्लेख गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
२०८२ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/249

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

मेल्लेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अछाम।

कैफियतसहितको राय

हामीले मेल्लेख गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय

हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ६लाख ५१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९० लाख ५२ हजार, समेत गरी रु. १२ करोड ९७ लाख ४ हजार समावेश छैन ।

२. गाउँपालिकाको लागि संघीय सरकारबाट सशर्त, समपूरक र विशेष अनुदान रू २३ करोड ५० लाख ९७ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू ५८ लाख ८१ हजार बचत रहेको छ । उक्त रकम मध्ये रु. 62 लाख ७९ हजार फिर्ता गरि रु. ३ लाख ९७ हजार बढी संघीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

३. गाउँपालिकाको रु. १ अर्व १८ करोड ६७ लाख ३० हजार लेखापरीक्षण गरी रू. ३ करोड ७२ लाख ८७ हजार बेरुजू देखिएकोमा रु. १ लाख ५७ हजार प्रतिक्रियाबाट फर्स्यौट भई रू. ३ करोड ७१ लाख ३० हजार (३.१३ प्रतिशत) की बेरुजुमा असुल गर्नुपर्ने रू. १३ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९८ लाख ६४ हजार , नियमित गर्नुपर्ने रु. १ करोड ५८ लाख २७ हजार र पेस्की बाँकी रु. ४८ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड ७७ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष ३२ हजार फछ्यौंट भई हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ४८ लाख ७६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

४. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६२	१२५	३,७२,८७,२६४	०	७	१,५७,०९४	०	६२	११८	३,७१,३०,१६८	१३,९१,१२३	१,५८,२७,२६०	१,९८,६४,२८८	०	०	३,५६,९१,५४८	४७,५००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्षसम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	१३,७७,७८,०००		३२,२००	१३,७७,४५,८००	0	३,७१,३०,१६८	१७,४८,७५,९६८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७६/७७	६५	पेश्की फछ्र्योटमा बढी भुक्तानी असुल	१२००
२	२०७९/८०	६८	भ्रमण खर्च असुल	३१,०००
३	२०८०/८१	७४	राहत शिक्षकलाई स्थानीय भत्ता असुल	१४,७७५
४	२०८०/८१	७२	भर्पाइ वेगरको छात्रवृत्ति असुल	३,२००
५	२०८०/८१	७३	बढी भुक्तानी असुल	१३,७८६
६	२०८०/८१	७१	पर्व खर्च दोहोरो असुल	१,२२,१०८
७	२०८०/८१	७५	दिवाखाजामा बढी निकासा असुल	३,२२५

जम्मा	१,८९,२९४

(८०७७२५०५३०० - मेल्लेख गाउँपालिका, अछाम)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।यस पालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, १३४.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को जनगणना अनुसार २२७८५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।७ देखि २०८१।६।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय – व्ययतर्फ रु. ४३७१३६९८।५४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३२८१८।०० असुल भई दाखिला भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पालिकाले विभिन्न ३ जना शिक्षकलाई बढी पारिश्रमिक भुक्तानी रकम रु१२२१०८।० लेखापरीक्षणको क्रममा मिति २०८१।०६।०८ मा असुल गरी दाखिला गरेको छ ।	१२२१०८
२	पालिकाले एक विद्यालयलाई दिवा खाजा बढी भुक्तानी भएको रकम रु१०७१०।० लेखापरीक्षणको क्रममा मिति २०८१।०६।०८ मा असुल गरी दाखिला गरेको छ ।	१०७१०
	जम्मा	१३२८१८

२ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०/८१ को समग्र सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

एकिकृत आय व्यय विवरण

आय			व्यय		
सि.नं.	विवरण	रकम	सि.नं.	विवरण	रकम
१	**गतको अल्या**	**६६६७३२७८.१२**	**१**	**चालु खर्च**	**३०७०४२३४४.२३**
1.1	संचित कोष खाता	४९०४४४७२.३३	१.१	संघिय राजस्व वाडफाड	७९६६०८३४.०४
1.2	धरौटी खाता	४६२४६१८.८८	१.२	राजश्व बाँडफाँड प्रदेश	१४२१८९७.०
1.3	स्थानीय विवध कोष खाता	१७१५१५६.००	१.३	आन्तरिक श्रोत	१७०१३७९०.५६
1.4	प्रकोप व्यवस्थापन खाता	४५५१७.४२	१.४	संघिय सर्शत अनुदान	१८७४७०१५४.०५
1.5	विविधखर्च खाताको आम्दानी	११२४३२४३.५०	१.५	संघ समानिकरण अनुदान	१२४३३६५४.५८
२	**संचित कोष खाताको जम्मा**	**४२४४१४०११.१६**	१.६	प्रदेश समानिकरण अनुदान	५५१९५१४.०
२.१	संघियराजस्व बाँडफाँड	८४६६०८१६.७९	१.७	प्रदेश शर्शत अनुदान	१०२२५००.०
२.२	प्रदेश राजस्व बाँडफाँड	१८३९९९१.३७	१.८	प्रदेश विषेश अनुदान चालु	२५०००००.०
२.३	आन्तरिक स्रोत (राजस्व)	१४०३००७.०	**२**	**पुँजिगतखर्च**	**१५१३५३७३२.७४**
२.५	संघीय वित्तीय समानिकरण	८४५३७०००.०	२.१	आन्तरिक श्रोत	२७०२८४२९.७८
२.६	संघीय शर्शत अनुदान	२१६३७६५००.०	२.२	राजस्ववाडफाड-संघ	३९५९५०३.८२
२.७	संघिय समपुरक अनुदान	२७२१०००.०	२.३	राजस्ववाडफाड-प्रदेस	१७६१५५.०
२.८	संघिय विशेष अनुदान	१५८६०५४७.०	२.४	समानिकरण अनुदान	६११७०१६५.१४
२.९	प्रदेश समानिकरण अनुदान	७४०२०००.०	२.५	सर्शत अनुदान	२३१६४६३९.०
२.१०	प्रदेशशर्शत अनुदान	९१८८३५७.०	२.६	विशेष अनुदान	१५८६०५४७.०
२.११	प्रदेशसमपुरक अनुदान	४००००००.०	२.७	समपुरक अनुदान	२७२१०००.०
२.१२	प्रदेशविशेष अनुदान चालु	६४२४७९२.०	२.८	समानिकरण अनुदान	११८२६४४.०
४	**अन्तरसरकारी अख्तियारी**	१२९७०४५३१.८४	२.९	शसर्त अनुदान	८१६५८५७.०
४.१	सामाजिक सुरक्षा संरक्षण-	१२०६५१९६८.६१	२.१०	विशेष अनुदान पुजिंगत	३९२४७९२.०
४.२	स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	९०५२५६३.२३	१.११	समपुरक अनुदान	४००००००.०
५	**विविध**		**३**	**कार्यसंचालन कोष खाताहरु**	**१०३२१२८८.०**
५	विविध खर्च खाताको आम्दानी	१५८१५३६२.६८	३.१	विविध खर्च खाता	१०२३४३५५.०
५.२	धरौटी खाताको आम्दानी	२८४३०३	३.२	धरौटी खाताको खर्च	८६९३३.०
६	**कट्टी दाखिला बाकी**	१६६७०७४.७३	**४**	**अन्तरसरकारी अख्तियारी**	१२९७०४५३१.८४

६.१	चालु खर्च खाता	८९४२९७.०७	४.१	सामाजिक सुरक्षा संरक्षण	१२०६५१९६८.६१
६.२	पुँजीगत खर्च खाता	४५०१७८.४	४.२	स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	९०५२५६३.२३
६.३	विविध खर्च खाता	३२२५९९.२६	**५**	**फिर्ता रकम**	**६४१५६५८.९५**
			६	**बैंक मौज्दात**	**४३७१३६९८.६५**
			६.१	संचीत कोष खाता	१९७१९७०८.०४
			६.२	प्रकोप व्यवस्थापन कोष खाता	४५५१७.४२
			६.३	धरौटीखाता	५६५५३६१.०१
			६.४	स्थानीय विविध कोष खाता	१७१५१५६.०
			६.५	विविध खर्च खाता	१५२४६६७४.१८
			६.६	चालु खर्च खाता	७७२००.०
			६.७	पुँजीगत खर्च खाता	१२५४०८२.०
			७	**हिसाव मिलान गर्नुपर्ने**	**७३०७.१३**
	जम्मा	**६४८५५८५६१.५४**		**जम्मा**	**६४८५५८५६१.५४**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,०६,५१,९६८।६१, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९०,५२,५६३।२३, समेत गरी रु. १२,९७,०४,५३१।८४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **वैक हिसाव मिलान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २१२) तयार गर्नुपर्नेमा सो नगरेकोले स्रेस्ता अनुसार भन्दा बैकमा रु.२२९३३५०।४९ बढी देखिएको छ । पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
संचित कोष	१९७१९७०८.०४	१९७१९७०८.०४	०
आन्तरिक राजस्व खाता	१२९३४८	४२८८४२	२९९४९४
चालु खर्च खाता	७७२००		७७२००
पूँजीगत खर्च खाता विजोर वर्ष	१२५४०८२	०	-१२५४०८२
विविध खर्च खाता	१२८००४२५.२४	१५२४६६७४.१८	२४४६२४८.९४
प्रकोष कोष खाता	०	४५५१७.४२	४५५१७.४२
धरौटी खाता	४८२१९८८.८८	५६५५३६१.०१	८३३३७२.१३
जम्मा	३८८०२७५२.१६	४१०९६१०२.६५	२२९३३५०.४९

५ **हिसाव मिलान**

पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार व्यय तर्फ रु.7307।१३ घटी देखाई हिसाव मिलान गर्नुपर्ने उल्लेख गरेकोले उक्त रकमको हिसाव मिलान विवरण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७,३०७.१३

६ **बढि खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले संघीय सशर्त अनुदान पूँजीगत शिर्षक म.ले.प. फाराम २७२ अनुसार रु.२२७७५३३३।० प्राप्ति भएकोमा रु.२३१६४६२९।० भएको देखिएकोमा आम्दानी भन्दा रु.३९७६४८।० बढी खर्च देखिएको छ । बढी खर्च रकमको हिसाव मिलान गरी नियमित गर्नुपर्ने रु

अनियमित भएको	३,९७,६४८

७ **कट्टी रकम दाखिला**

आयकर ऐन, २०५८ को दफा ९० मा करकट्टी गरेको रकम महिना समाप्त भएको मितिले २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाको सुत्रको वित्तिय प्रतिवेदन २७२ मा पालिकालेविविध खर्च खाताबाट विभिन्न शिर्षकमा कट्टी गरेको कर दायित्व रकम रु.१६६७०७४।७३ दाखिला गरेको नदेखिएकोले सम्वन्धित शिर्षकमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१६,६७,०७४.७३

८ **रकमान्तर**

मेल्लेख गाउँपालिकाको विनियोजन ऐन २०८० मा एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नवढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकमा रकम सार्न सकिने व्यवस्था छ । पालिकाले गाउँसभावाट विभिन्न २६ खर्च शिर्षकवाट रु.१ करोड २१ लाख ८० हजार बराबरको रकम घटाइ विभिन्न २९ योजनामा रु.६ करोड १२ लाख २५ हजार रकम बढाइ कार्यक्रम शंसोधन तथा रकमान्तर मार्फत रकम विनियोजन गरेको छ । असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण कार्यक्रम संसोधन भएको देखिन्छ। नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ।

९ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.१५ करोड १३ लाख ५३ हजारमध्ये चौथो त्रैमासिकमा रु.८ करोड ६३ लाख ४३ हजार (५७.०५ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.५ करोड ७४ लाख ९ हजार (३७.९३ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने देखिदा समयमै निर्माण कार्य गराई खर्च गर्नुपर्दछ।

रकम रु. हजारमा

वजेट उपशिर्षक	कुल खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो चौमासिक	चौथो त्रैमासिक	असार महिनाको खर्च
विभिन्न	१५१३५३	१६५१	२०५९४	४२७६५	८६३४३	५७४०९
खर्चको प्रतिशत	१००	१.०९	१३.६०	२८.२६	५७.०५	३७.९३

१० **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जगाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था

भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, २०४९दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरयित्व नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरु कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले नियमको पुर्ण रुपमा पालना गरेको पाइएन ।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको प्रदेश तर्फ र स्थानीय तहको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन साथै लेखापरीक्षण अवधिसम्म आन्तरिक लेखापरीक्षक नियुक्त भएको छैन । लोकसेवा आयोगमा माग गरि पठाएकोमा पदपूर्ती नभएको प्रतिक्रिया कार्यालयको रहेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । संघ तर्फ अन्तरसरकारी अख्तियारी रकमको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएको छ ।

१२ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेकोमा सो अनुसार गरेको पाइएन । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

१३ खर्च बिश्लेषण

पालिकाको यसबर्ष कुल आन्तरिक आयबाट रु. १४ लाख ३ हजार, राजस्व बाँडफाँड बाट ८ करोड ६५ लाख र अनुदानबाट रु. ३४ करोड ३५ लाख १० हजार समेत रु.४३ करोड ४४ लाख १४ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३० करोड ७० लाख ४२ हजार र पूँजिगत तर्फ रु. १५ करोड १३ लाख ५३ हजारसमेत रु. ४५ करोड ८३ लाख ९६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.९८ प्रतिशत चालु र ३३.०२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४ **क्षेत्रगत खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रकम रु. हजारमा

सि नं	क्षेत्र/उप क्षेत्र	विनियोजन रु.	खर्च रु.	खर्च (%)
१	आर्थिक विकास	२१४६५	१९७४९	४.३०
२	सामाजिक विकास	२४९२५७	२२९६१५	५०.०९
३	पूर्वाधार विकास	१२८५२२	९३९२३	२०.४९
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३६१०	१२९०९	२.८२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	११७३८७	१०२१९८	२२.३०
	कुल जम्मा	५३०२४१	४५८३९४	१००

१५ **गत बर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहलेयस वर्ष चालु खर्च तर्फ ८२ कार्यक्रममा रु.१३६७३०८०।० र पूँजीगत तर्फ ३१ कार्यक्रममा रु.७८४२७४२।० समेत रु.२१५१५८२२।०० बिभिन्न व्यक्ति, संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०८०।८१) को बजेटमा नै कार्यक्रमको नाम उल्लेख गरी विगत वर्षको बाँकी रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ ।

१६ **बजेट विनियोजन नभएको शिर्षकमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा बिनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको सुनिश्चित गरेर मात्र रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा बजेट विनियोजन नभएका देहायबमोजिका योजनामा बजेट खर्च गरी आर्थिक वर्ष २०८०।८१ को बजेटमा सोही योजना तथा कार्यक्रम राखि बजेट विनियोजन गरी रु.४०५४७०१।० भुक्तानी गरेको छ । यसरी विगत वर्षमा बजेट नै विनियोजन नभएको कार्यक्रममा बजेट खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई खर्च रकमलाई नियमित गर्नुपर्ने रु.

क्र.सं.	कार्यक्रम	भुक्तानी पाउनेको नाम	रकम रु.	शिर्षक रु.
१	सडक मर्मत तथा स्तरोन्नती	सि.वि.आर कन्ष्ट्रक्सन	३००००००	पुँजीगत
२	आधारभुत अस्पताल एक्सरे भवन निर्माण	आधारभुत अस्पताल एक्सरे भवन निर्माण उ.स.	३८२०००	पुँजीगत
३	फर्निचर फिक्चर खरिद तथा निर्माण	लक्ष्मी काष्ठ उद्योग	४५८८०	पुँजीगत
४	बेतालमाण्डौँ आ.वि. खेल मैदान निर्माण	बेतालमाण्डौँ आ.वि. खेलमैदान निर्माण उ.स.	५०००००	पुँजीगत
५	कालेखोला डुपकेखोला खानेपानी मर्मत	कालेखोला डुपकेखोला खानेपानी उ.स.	२२५०००	पुँजीगत
६	खिमडा सडक निर्माण	खिमडा सडक निर्माण उ.स.	८५००००	पुँजीगत
७	स्वास्थ्य चौकी चौखुट्टे ग्रिल चेनल गेट निर्माण तथा रंगरोगन	कालिका कन्ष्ट्रक्सन	३०५२०७	पुँजीगत
८	बजेडी खोला देखि पानी पग्गार घुमथैलीसम्म सडक मर्मत	बजेडी खोला देखि पानी पग्गार घुमथैलीसम्म सडक मर्मत उ.स.	२०००००	पुँजीगत
९	बिमकोट दरबारमा खानेपानी निर्माण	बिमकोट दरबारमा खानेपानी निर्माण उ.स.	४४००००	पुँजीगत
१०	नन्देगडा सडक मर्मत	नन्देगडा सडक मर्मत उ.स.	५००००	पुँजीगत
११	आँखा शिविर सञ्चालन	गेटा आँखा अस्पताल	९६५६६	चालु
१२	अध्यक्ष कप भलिवल प्रतियोगिता	प्रेम बहादुर बुढा	३३७५५६	चालु
१३	आयुर्वेद शाखा व्यवस्थापन	मो. सकिल ट्रेडर्स एण्ड सप्लायर्स	४३१११	चालु
१४	विविध सामाग्री खरिद	न्यू एम डि ट्रेडर्स एण्ड सप्लायर्स	६९२४५	चालु
१५	ब्याक्हो लोडर मर्मत	शुलभ अर्थमुभर्स	१५१३७	चालु
१६	ब्याक्हो लोडर मर्मत	सुप ट्रेड एण्ड सप्लायर्स	९८९९९	चालु
१७	पारिश्रमिक	नृप रोकाया	९६०००	चालु
जम्मा			४०५४७०१	

अनियमित भएको	४०,५४,७०१

१७ कार्यक्रमगत प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धैरै कार्यक्रममा शुन्य तथा न्युन प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका पुँजिगततर्फका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्:

सि नं	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	विनियोजन रु.	खर्च रु.
१	विद्युत केन्द्रिय लाइन विस्तार	४५०००००	०
२	विष्टवाडा माथिल्ला बगुडा खा.पा.	५०००००	०
३	नवाघर पटकानी मञ्च निर्माण	८०००००	०
४	नयाँ वस्ति पर्खाल निर्माण	५०००००	०
५	पिपलचौर मा.वि. भवन निर्माण	१००००००	०
६	शोडषा आ.वि. नवाघर भवन मर्मत	७४००००	०
७	खातिखेत गाउँ गैरा पदमार्ग निर्माण क्रमागत वडा नं.३	१००००००	०
८	पिच सडक दायित्व	१२००००००	०
९	प्राविधिक शाखा बुलेरो गाडि खरिद	३२०००००	०
१०	आइसोलेसन अधुरो भवन निर्माण वडा नं.८	५०००००	०
११	आइसोलेसन अधुरो भवन निर्माण वडा नं.२	७०००००	

१८ कन्टेन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालित निर्माण योजनाबाट ४ प्रतिशतका दरले कन्टेन्जेन्सी कट्टी गर्ने गरेकोमा वार्षिक रुपमा केकति रकम कट्टी गरेको हो सो सम्बन्धि अभिलेख खाता राखेको पाइएन । जसबाट खर्च रकम पनि नियमावलीमा भएको व्यवस्था अनुसार नै खर्च भएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले कन्टेन्जेन्सी खाताको व्यवस्था गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

१९ बेरुजु लगत

कार्यालयले बाँकी रहेको बेरुजुको लगत अद्यावधि गरी मलेप फाराम अनुसारको विवरण अध्यावधिक गरी राख्नुपर्दछ । पालिकाले बेरुजु लगत अन्तर्गतका देहायबमोजिमका फाराम अद्यावधिक गरी नराखेकोले उक्त फाराम आद्यावधिक गरी वेरुजु लगत राखि नियमानुसार वेरुजु फर्स्यौट गर्नुपर्दछ ।

· म. ले. प. फाराम ८०१ –बेरुजु लगत
· म. ले. प. फाराम ८०२ –बेरुजुको कार्यालयगत प्रतिवेदन
· म. ले. प. फाराम ८०३ –बेरुजुको केन्द्रिय कार्यालयगत लगत
· म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
· म. ले. प. फाराम ८०५ –सम्परीक्षण गोश्वारा अभिलेख

२० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाभित्र रहेका सहकारीको विवरण पालिकाले राख्ने गरेको पाइएन भने पालिकामा हालसम्म पनि सहकारी संस्था दर्ता गर्ने गरेको देखिएन । जसबाट सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको सम्बन्धमा एकिन हुन सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन

अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ वार्षिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारीद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड १३ लाख ५३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ पेश्की वाँकी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ७५ मा कुनै व्यक्तिलाई दिइएको पेश्की रकम तोकीएको अवधिभित्र नै फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा देहायवमोजिम म्याद नाघेको पेश्की रु. ४७५००।० नियमानुसार फछ्यौट गर्नुपर्दछ। रु.

भौ नं	पेश्की लिनेको नाम	विवरण	गत आवको रु.	यस आवको रु.	
गत विगत	बानीया नाती जेभी	नन्देगडा-दुपाल्त-शोडषा-ऋषिदह सडक निर्माण	७१६७०७५	म्याद नाघेको	म्याद ननाघेको
गत विगत	भीम निर्माण सेवा एण्ड सप्लायर्स	-	४३८०००		
गत विगत	शोडषादेवी निर्माण सेवा	ग्रामिण उद्योग निर्माण	५४३०००		
गत विगत	ढाडपडेगडा खानेपानी तथा सरसफाई आयोजना	खानेपानी आयोजनाहरु (ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना) आ.व. २०७५/७६	६३७०००		
२९८-२०८०।२।२०	प्रेम कुमार साउद	इन्धन - अन्य प्रयोजन		४७५००	
जम्मा			८७८५०७५	४७५००	८८३२५७५

पेश्की	४७,५००

२३ पालिकाको साझेदारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष सञ्चालित देहायबमोजिमका योजनामा समपुरक अनुदान प्राप्त भएकोमा ५०/५० प्रतिशत लागत साझेदारी हुनुपर्नेमा पालिकाको साझेदारी कमी देखिएकोले नपुग साझेदारी रकम संघीय संचित कोषमा खातामा फिर्ता गर्नुपर्ने रु.

क्र.सं.	योजना	खर्च रकम रु.	हुनुपर्ने पालिकाको साझेदारी रु.	भएको साझेदारी रु.	नपुग रु.	कैफियत
१	बिमकोट मन्दिर निर्माण	५१६८००६	२५८४००३	२४४७००६	१३६९९७	संघीय समपुरक

प्रमाण पेश नगरेको	१,३६,९९७

२४ योजना छनौट तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोझिम स्थानिय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी ससान टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् । (रकम रु. हजारमा)

क्र. सं.	विवरण	योजना संख्या	वजेट रकम
१	रु १ लाख भन्दा कमको योजना	११	७६०
२	रु एक लाख देखि पाँच लाख सम्मका योजना	५७	२२८००
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	७२	४२४१५
४	दश लाख देखि ५० लाख सम्मा योजना	३३	८२५०
५	५० लाख भन्दा माथिका योजनाहरु	५	५०६१३
	जम्मा	१७८	१२४८३८

२५ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २१ जना पदपूर्ती भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२६ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको सुत्रमा भएको विवरण अनुसार आर्थिक वर्ष २०७९।८० सम्म कर्मचारी कल्याणकारी कोषमा रु.१७१५१५६।०० मौज्दात रहेकोमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा कल्याणकारी कोषलाई अध्यावधिक गरेको पाइएन भने यस वर्ष उक्त कोषमा रकम समेत जम्मा गरेको देखिएन । पालिकाबाट निष्कृय नगरेको अवस्थामा कोषमा रहेको रकम अल्या आम्दानी जनाई अध्यावधिक गरी कल्याणकारी कोषलाई प्रभावकारी बनाउनुपर्दछ ।

२७ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ३३१४ वटा, मृत्युदर्ता ३२४ वटा, वसाइसराइ २८१, विवाह दर्ता ३७२, सम्वन्ध

विच्छेद १ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । त्यस्तै पूर्वाधार तर्फ ९ कि.मि. पक्की बाटो निर्माण, ७ कि.मि. ग्राभेल सडक, ४० कि.मि. कच्ची सडक मर्मत, १५ कि.मि. नयाँ ट्याक खोल्ने कार्य भएको देखिन्छ । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड वनाएको पाइएन । ऐनमा उल्लेख भए बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

२८ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।
पालिकाले यस वर्ष गाउँपालिका अन्तर्गत करार कर्मचारीको लागि रु.१३१०५०९४।० र स्वास्थ्य तर्फ करार कर्मचारीको लागि रु.१०७०००००।० समेत जम्मा रु.२३८०५०९४।० करार सेवा शुल्कमा रकम खर्च गरेको छ । संगठन तथा ब्यवस्थापन सर्भे नगरी करार कर्मचारी नियुक्त गर्दा पालिकालाई दीर्घकालीन आर्थिक भार पर्ने देखिन्छ । पालिकाले नेपाल सरकारको स्वीकृत दरवन्दी, आन्तरिक आय, स्थानीय सरकार संचालन ऐन र सेवा करार निर्देशिका समेतलाई विचार गरी संगठन तथा ब्यवस्थापन सर्भे तथा कामको विष्लेषण गरी दरवन्दी एकीन गरेर मात्र पद पूर्ति गर्ने ब्यवस्था हुनुपर्नेमा सो बमोजिम भएको छैन ।

२९ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव	कैफियत
८	८	१	७	प्राविधिक र स्वास्थ्यकर्मीबाट ७ वडा सञ्चालन

३० **आर्थिक सहायता**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने गरी खर्च लेखाङ्कन गर्नुपर्दछ । पालिकाले आर्थिक सहायता वितरण सम्बन्धित कार्यविधि नै तयार नगरी विनियोजन तर्फ विपद व्यवस्थापन कोष नामको कार्यक्रम राखि रु.९९९९२०।० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी सहायता दिएको देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै मापदण्ड तयार गरेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

३१ **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा स्थानीय तहले आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरण अनुदानबाट यस वर्ष ८ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.२५१८०००।० खर्च गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३२ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु.१७ लाख ९९ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

३३ **संस्था तथा अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ.नं. र मिति	भुक्तानी भएको कार्यालय	भुक्तानी विवरण	रकम रु.
२११-२०८१।३।७	सशस्त्र प्रहरी बल नेपाल, नं. ४९ गुल्म हे.क्वा खप्तड	कार्यालय सम्बन्धि खर्च	२८०००
२४४-२०८१।२।३३	नेपाल कम्युनिष्ट पार्टि एकीकृत समाजवादी	अधिवेशन खर्च	२००००
६२-२०८०।८।१४	नेपाल कम्युनिष्ट पार्टी एमाले	आर्थिक सहयोग	५००००
६४-२०८०।८।१४	अनेरास्वबियु क्रान्तिकारी	आर्थिक सहयोग	५००००
७८-२०८०।८।१७	नेपाली काङ्ग्रेस अछाम	आर्थिक सहयोग	५००००
२३२-२०८०।११।१०	अनेरास्वबियु	आर्थिक सहयोग	३५०००
२८९-२०८०।१२।७	कृषि सहकारी संस्था	व्यववस्थापन सहयोग	७००००
४१९-२०८१।२।२८	अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वियु)	आर्थिक सहयोग	१५०००
४३९-२०८१।२।३१	नेकपा एमाले	आर्थिक सहयोग	२५०००
५७६-२०८१।३।२१	काशाघाट लघु जलविद्युत आयोजना	व्यवस्थापन खर्च	१९८०००
६०-२०८०।८।१३ समेत	इलाका प्रहरी चौकी मेल्लेख	विभिन्न	४१०००
जम्मा			५८२०००

भु

३४ **पुँजीगत बजेटबाट चालु खर्च**

एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा पूँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत बजेट शिर्षकबाट राष्ट्रपति रनिङ्गसिल्ड कार्यक्रम सञ्चालन गरी रु.९५४०००।० खर्च गरेको छ । यसरी चालु प्रकृतिको राष्ट्रपति रनिङ्गसिल्ड कार्यक्रम सञ्चालन खर्च शिर्षक नै पुँजीगत बजेटमा समावेश गरी उक्त शिर्षकबाट खर्च लेख्नु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,५४,०००

३५ **धरौटी फिर्ताः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सेवा प्रदायक/निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरे पछि धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले वर्षा निर्माण सेवालाई मु. अ. कर

समायोजनको प्रमाण वेगर रु. ८६९१३। धरौटी फिर्ता गरेकोले मु. अ. कर समायोजनको प्रमाण पेश हुनुपर्ने देखिएको रु

क्रम	कर्मचारीको नाम	असुली रकम
३५.१	वर्षा निर्माण सेवा	८६,९१३

प्रमाण पेश नगरेको	८६,९१३

३६ **विपद व्यवस्थापन**

३६.१ **विपद व्यवस्थापन कोष -** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्थान कोषमा गत बर्षको मौज्दात रु.४५५१७।४२ रहेकोमा यस वर्ष कोषमा कुनै रकम थप नभएको तथा कोषबाट खर्च समेत नभई रु.४५५१७।४२ नै मौज्दात रहेको देखियो । विपद व्यवस्थापन सम्बन्धि कार्यविधि तथा नियम बनाएको अवस्था देखिएन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

३६.२ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले उक्त समिति गठन गरेको भए पनि समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन।ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

३६.३ **कार्य योजना -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ।पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापनको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

३७ **हाजिर र भ्रमण भत्ता**

निजामती सेवा ऐन २०४९ को परिच्छेद ७ को दफा ४१ मा समय पालना र नियमितता सम्वन्धी उल्लेख छ।जसअनुसार निजामती कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्ने र सकेसम्म विदाको स्वीकृती नलिई कार्यालयमा अनुपस्थित हुनु हुदैन। त्यस्तै निजामती सेवा नियमावली २०५० को नियम ५५ (३) मा मुनासिव माफिकको कारण परेमा बाहेक विदाको निकासा नलिई कुनै पनि निजामती कर्मचारी आफ्नो कार्यालयमा अनुपस्थित हुनु हुदैन। त्यसरी अनुपस्थित हुने कर्मचारीले सात दिन भित्र विदाको निवेदन दिनु पर्ने व्यवस्था छ।

भ्रमण खर्च नियमावली २०६४ को नियम ६ मा कार्यलयको कर्मचारीलाई सात दिन भन्दा बढी अवधिको लागि काज खटाउँदा एक तह भन्दा माथीको पदाधिकारीको स्वीकृति दिनु पर्ने सो अवधि भन्दा बढी अवधिको काज खटिएमा अनुसूचि २ वमोजिमको दैनिक भत्ताको पचास प्रतिशत मात्र रकम पाउने उल्लेख छ। पालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव प्रसाद सापकोटाको सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :-

क) निज प्रशासकीय अधिकृत २०८० श्रावण देखि मंसिर सम्मको हाजिर रजिष्टरमा २०८० भाद्र १७ देखि भाद्र २१ सम्म र भाद्र २६ र २७ गते मात्र हाजिर भएको देखिन्छ।

ख) भ्रमण खर्च नियमावली २०६४ मा सरकारी कर्मचारीले भ्रमण आदेश वा निर्णय विना भ्रमण वा काजमा जानु हुदैन साथै भ्रमण कम खर्चिलो र किफायती हुनु पर्ने व्यवस्था छ । प्रमुख प्रसाशकीय अधिकृतले नियमावलीको मर्म विपरित कार्यालयमा उपस्थित नभै निम्नानुसारको भौ नं र मितिमा भ्रमण भत्ता भुक्तानी लिएको देखियो। भ्रमण खर्च नियमावलीमा एक पटकमा सात दिन भन्दा बढीको

भ्रमण आदेश जिल्ला बाहिर जादाको हकमा स्वीकृत गर्न नपाउने भएकोमा नीजले पटक पटक आफैले भ्रमण आदेश स्वीकृत गरेको देखिन्छ। भ्रमण आदेशमा भ्र्मणको उद्वेश्य कार्यालय कामकाज उल्लेख गर्ने गरिएकोमा भ्रमण प्रतिवेदनमा कार्यालयको कामकाज भएको स्पष्ट हुने प्रमाण सम्लग्न राखिएको देखिएन। भ्रमण काजमा खटिएको कर्मचारी कार्यरत कार्यालयमा हाजिर नभै आफैले काज स्वीकृत गरी लामो समयसम्म कार्यालय वाहिर काजमा खटिनु नियम सम्मत देखिदैन ।भ्रमण खर्च नियमावलीमा व्यवस्था भए बमोजिमको बाहेकको मिति २०८०।४।४ देखि २०८०।५।७ सम्मको र मिति २०८०।६।११ देखि २०८०।६।२२ सम्मको भ्रमण खर्च असुल हुनु पर्ने रु

भौ नं र मिति	भ्रमण अवधि	स्थान	भुक्तानी रु.	असुल गर्नुपर्ने रु.
४२।०८०।६।३०	२०८०।४।४ -०८०।४।९	धनगढी	२०३००	२०३००
	२०८०।४।९ -०८०।४।१६	काठमाण्डौ	११६००	११६००
	२०८०।४।१७ -०८०।४।२३	काठमाण्डौ	११६००	११६००
	२०८०।४।२४ -०८०।४।२३०	काठमाण्डौ	११६००	११६००
	२०८०।४।३१ -०८०।५।७	काठमाण्डौ	१२६००	१२६००
७९।०८०।८।१७	२०८०।३।२६ -०८०।४।२	महेन्द्रनगर	१३५००	०
४२।०८०।६।३०	२०८०।६।११- ०८०।६।१६	धनगढी	२०३००	२०३००
	०८०।६।१६- ०८०।६।२२	धनगढी	२०३००	२०३००
जम्मा			१२१८००	१०८३००

ग) साथै मिति २०८० श्रावण देखि २०८० मंसिर सम्म पालिकामा हाजीर नभएकोले उक्त ५ महिना अवधिको स्थानीय भत्ताबापत भुक्तानी रकम रु.८८००। का दरले रु ४४०००।असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	१,५२,३००

३८ **शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरुमा तोकीएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेश भित्रका जिल्लाका पुल दरबन्दीबाट मिलान गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष दरबन्दी मिलानका उल्लेखित प्रक्रिया पालना नगरी संघीय सरकारबाट प्राप्त दरबन्दी बराबरको शिक्षक पदपुर्ती भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलबभत्ता उपलब्ध गराउने गरी विभिन्न ३२ विद्यालयका ७६ जना पालिका अनुदान शिक्षक नियुक्त गरी समानीकरण राजस्व वाँडफाँड अनुदानबाट चाडपर्व खर्च समेत रु २३३०८३३०। खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु १४०३००७।मात्र रहेकोमा दिर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार शिक्षक नियुक्ति गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन । पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

३९ **महंगी भत्ता**

अर्थ मन्त्रालयको च नं १७१९ मिति २०७९।१।२१ को परिपत्र अनुसार करार तर्फका कर्मचारी लाई महंगी भत्ता नदिने उल्लेख छ। पालिकाको सुचना प्रविधि अधिकृत चन्द्र प्रकाश साउदलाई २०८० श्रावण देखि २०८१ असार सम्म प्रति महिना २००० का दरले १२ महिनाको २४०००।भुक्तानि गरेकोले अर्थ मन्त्रालयको परीपत्र विपरीतको खर्च असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	२४,०००

४० **पदाधिकारीलाई व्याग सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा १२ मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ। पालिकाले ४२ जना जनप्रतिनिधिको लागि ४२ वटा लेदरको ब्याग रु.१५८२०।० का दरले खरिद गरी कोमल ट्रेडर्सलाई रु ६६४४४०। भुक्तानि गरेको छ। पदाधिकारी सुविधा सम्बन्धि ऐन विपरीत ब्याग खरिद गरी पालिकाका जनप्रतिनिधिलाई वितरण गरेको रकम निमयसम्मत नदेखिएको रु.

अनियमित भएको	६,६४,४४०

४१ **पोशाक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा१२ मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ।पालिकाले ४३जना पदाधिकारी मध्य ४१ जना पदाधिकारी लाई गत वर्षनै पोशाक भत्ता वितरण गरेको र बाकि २ निम्नानुसारका पदाधिकारीलाई पोशाक भत्ता दिएको रकम असुल गर्नुपर्ने रु

क्र.सं.	पद	नाम	रकम रु.
१	का पा सदस्य	रतन बहादुर खडका	१५०००
२	का पा सदस्य	नृप बहादुर खडका	१५०००
जम्मा			३००००

असुल गर्नुपर्ने	३०,०००

४२ **मोवाईल खरीद**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा१२ मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ। पालिकाले निम्नानुसारका पदाधिकारी लाई ऐन विपरीत मोवाईल खरिद गरी सुविधा दिएकोले नियम सम्मत मान्न नसकिने रु

भौचर नम्वर र मिति	पदाधिकारीको नाम	सामानको प्रकार	रकम रु.
१२।०८०।१२।९	गा पा अध्यक्ष ज्वालासिं साउद	On plus mobile nard 3 (16/ 256)	१४७०००
	प्र प्र अधिकृत ध्रुव प्रसाद सापकोटा	On plus mobile nard 2t (16/ 256)	८६५००

अनियमित भएको	२,३३,५००

४३ अपाङ्गता व्यवस्थापन एवम् मुल प्रवाहीकरण कार्यक्रमको लागि अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्रलाई यस वर्ष रु १०३२५००।० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

४३.१ **कार्यक्षेत्र**– कुनै कार्यक्रम सञ्चालन गर्दा पालिकाभित्र क्रियाशिल संस्थाबाट कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाले १८ वर्षसम्मका शारिरिक अपाङ्गता भएका बालबालिकाहरुको पहिचान, शल्यक्रिया, पुनर्स्थापना सहायक सामाग्री, कृत्रिम अङ्ग उपलब्ध तथा समग्र

सामाजिकीकरण तथा अनुगमन कार्यक्रम गर्न ५ वर्षको लागि अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्र बनेपा ११ काभ्रेपलाञ्चोकसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको छ । पालिकादेखी अत्याधिक टाढाको दुरीमा रहेको तथा पालिका भित्र कुनै शाखा स्थापना नभएको संस्थासँग सम्झौता गरी कार्यक्रम गर्दा संस्थाले पालिका भित्रका वालवालिकालाई सम्झौता अनुसारको कार्य गर्ने तथा सबै अपाङ्ग बालबालिकाको पहुँमा रहने कुरामा विस्वस्त हुन सकिदैन ।

४३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कुनै कार्यक्रम सञ्चालन गर्नुपूर्व त्यसको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रमको लागि लागत अनुमान नै तयार नगरी सोझै संस्थासँग सम्झौता गरेको छ । जसबाट संस्थाले कुन कार्यक्रम कुन परिमाणमा सञ्चालन गर्ने, कति बालबालिकालाई सेवा पुर्याए वापत कति रकम भुक्तानी हुने लगाएत विषयमा एकिन हुन सकिदैन । यसरी परीमाण नै एकिन नगरी रकम खर्च गर्दा कार्यक्रम प्रभावकारी हुने देखिदैन । यस वर्ष संस्थाले ८ जना बालबालिकालाई सेवा उपलब्ध गराए वापत रु १०३२५००।० भुक्तानी गरेकोमा संस्थासँग भएको शर्त अनुसारको सबै कार्यक्रम सञ्चालन गरी रकम भुक्तानी भएको मान्न सकिदैन । परिमाण नै नखुलाई सम्झौता गर्नुभन्दा बालबालिकालाई के कस्तो सेवाको आवश्यकता रहेको छ त्यसको पहिचान गरी सोही अनुसार सरकारी स्वास्थ्य संस्थासँग सम्झौता गरी सेवा प्रवाह गर्नुपर्दछ । कार्यक्रमको लागत अनुमान,परिमाण, कम्तिमा ३ वटा अन्य उस्तै प्रकृतिका सस्थाको आर्थिक प्रस्ताव समेत नमागी सोझै उक्त सस्थाबाट गरीएको खर्चलाई नियमसम्मत मान्न नसकिने रु

अनियमित भएको	१०,३२,५००

४४ **भढी भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले शिक्षक सेवा आयोग को तयारी कक्षा सञ्चालन गर्न ५ जना प्रशिक्षक लाई १२००।का दरले पुस्तक खरिद गरेको भनि रु ६०००। भुक्तानी गरेको छ। प्रशिक्षकले प्रशिक्षण भत्ता लिएपछि पुस्तक खरिद वापत को भुक्तानी दिने व्यवस्था नभएकोले सो वापतको भुक्तानी रकम असुल हुनुपर्ने रु

क्र.सं.	पद	नाम	रकम रु.
१	प्रशिक्षक	बिरेन्द्र बहादुर खडका	१२००
२	प्रशिक्षक	बिर बहादुर साउद	१२००
३	प्रशिक्षक	चन्द्र प्रसाद साउद	१२००
४	प्रशिक्षक	राम बहादुर साउद	१२००
५	प्रशिक्षक	यज्ञ राज उपाध्याय	१२००
जम्मा			६०००

असुल गर्नुपर्ने	६,०००

४५ **आर्थिक सहायता भुक्तानी** (५९८-२०८१-३-२३):

महालेखा नियन्क कार्यालयको आ व २०७९।८० बजेट कार्यान्वयन सम्वन्धि परिपत्रको बुदा नं ङ (३) कुनै पनि भुक्तानि गर्नुपर्ने रकम बैंक खाता मार्फत सम्वन्धितको नाममा बैक खातामा EFT मार्फत भुक्तानि हुनु पर्ने ब्यवस्था गरेको छ।पालिकाले विपद र जोखिममा परेका व्यक्ति तथा परीवारलाई राहत तथा क्षतिपुर्ति वापतको रकम वितरण गर्न पालिकाका कर्मचारी नमराज बहादुर शाहीलाई रु ४०००००। पेश्की दिई २२ जना व्यक्ति तथा परीवारलाई नगद वितरण गरी पेश्की फर्छोयोट गरेको छ।महालेखा नियन्त्रक कार्यालयको बजेट कार्यान्वयन सम्वन्धि परिपत्रको कार्यान्वयन गर्दै सम्वन्धितको नाममा बैक खातामा EFT मार्फत भुक्तानि हुनु पर्ने ब्यवस्था हुनु पर्दछ।

४६ **व्यक्तिलाई भुक्तानी**

महालेखा नियन्क कार्यालयको आ व २०७९।८० बजेट कार्यान्वयन सम्वन्धि परिपत्रको बुदा नं ङ (३) कुनै पनि भुक्तानि गर्नुपर्ने रकम बैंक खाता मार्फत सम्वन्धितको नाममा EFT मार्फत भुक्तानि हुनु पर्ने व्यवस्था गरेको छ। केही नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसारका फर्महरुलाई भुक्तानि गर्नुपर्ने रकम कर्मचारीलाई भुक्तानि गरेको देखिन्छ । पालिकाले रकम भुक्तानी गर्दा तोकीएको प्रक्रिया पुरा गरी सम्बन्धित फर्मको नाममा नै भुक्तानी गर्नुपर्दछ ।

भौ नं र मिति	भुक्तानि दिनुपर्ने फर्म/ सप्लायर्स	भुक्तानि लिने कर्मचारी	भुक्तानी रु.
१०।०८१।१।९	शंकर एण्ड नीर सप्लयर्स	बिरेन्द्र बहादुर खड्का	१०६६५७।
२८।०८१।३।१७	राम प्रवेश फलफुल फार्म	अमृत बहादुर वली	१६०१२५।
२७।०८१।३।१७	युवाग्री एग्रो भेट	मदन साउद	३२८५१५।
२९५।०८०।१२।८	कुवर जनरल स्टोर्स	देवी वुढा	१३००००।
१६०।०८०।९।२५	जय कालभैरव शाह ट्रेडर्स	विरेन्द्र शाह	२९२८००।
१०९।०८०।९।२५	लाल फेन्सी स्टोर्स	कृष्ण बहादुर वुढा	४३६४०।
३७३।०८१।२।३	मनिषा होटल	गंगा कुमारी शाह	१२००००।
जम्मा			११८१७३७।

४७ **निर्णय वेगरको खर्च** (३०-२०८०-६-२९):

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार हरेक कार्यक्रम कार्यपालिकाकोनिर्णय बमोजिम गर्नुपर्ने उल्लेख छ। कार्यपालिकाको निर्णय नै नगरी कार्यक्रम खर्च शिर्षक २२५२९ बाट पालिका स्तरीय भलिवल प्रतियोगिता सञ्चालन गरी खेलकुद व्यवस्थापक श्री प्रेम बहादुर वुढालाइ रु ६८४२५१।भुक्तानी गरीएको छ। यसरी पालिकाको निर्णय विपरीतको खर्चलाई नियम सम्मत मान्न नसकिने रु

अनियमित भएको	६,८४,२५१

४८ **असम्वन्धित पद श्रृजना**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफ ८३ मा संगठन तथा व्यवस्थापन (ONM) गरेर मात्र पद श्रृजना गर्नु पर्दछ। केही नमुना परीक्षण गर्दापालिकाले संगठन तथा व्यवस्थापन (ONM) नगरी असम्वन्धित पद श्रृजना गरी तलव भत्ता वापत निम्नानुसारका व्यक्तिहरुलाई रु८९५९३१।भएको छ जसका कारण पालिकाल थप आर्थिक व्यभार पर्न गएको छ। पालिकाले अत्यावश्यक कामका लागि मात्र दरवन्दि श्रृजना गरी खर्च गर्नु मा ऐन विपरीत को खर्च अनियमित देखिएको

भौ नं र मिति	कर्मचारीको नाम	विवरण	भुक्तानी रु.
विभिन्न	अर्जुनराज ढुंगाना	खेल प्रशिक्षक (१३ महिनाको तलब र दशै खर्च)	४२१५९०।
१५।०८०।६।९	भीम बहादुर साउद	निर्देशक पर्यटन प्रवर्धन विकास समिति (४. ५महिनाको तलब)	१९५१४०।
११४।०८०।८।२८	भोजराज अवस्थि	प्रशिक्षक (अचार मसला दालमोट बनाउन सिकाउने)	१९५१४०।
११।०८०।१२।९	भीम बहादुर साउद	निर्देशक पर्यटन प्रवर्धन विकास समिति(४ महिनाको तलब)	१७४५७६।
		जम्मा	८९५९३१।

अनियमित भएको	८,९५,८३१

४९ **एक घर एक छोरी एक शेयर कार्यक्रम** (524-२०८१-३-१७):

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कुनै सस्थामा रकम जम्मा गर्दा कार्यविधि बनाएर गर्नु पर्दछ। पालिकाको वार्ड नं २ मा आ व २०८०/ ८१ को लागि एक घर एक छोरी एक शेयर कार्यक्रम अन्तर्गत वडाका २०० जना छोरीहरुको लागि महिला एकता वहुउद्देश्यिय सहकारी सस्थामा रु २०००००। जम्मा गरीएको छ।शेयर सञ्चालनको मोडालिटी, यसको भावी दायित्व रहने नरहने र यसको उपयोगिता के हुने एकिन नै नगरी रकम सहकारीमा जम्मा गरेकोले ऐनमा भएको व्यवस्था बमोजिम कार्यविधि निर्माण गरी मापदण्ड को आधारमा मात्र रकम खर्च गर्नुपर्ने देखिएकोले उक्त रकम अनियमित देखिएको रु

अनियमित भएको	२,००,०००

५० **भढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले शिक्षक सेवा आयोग को तयारी कक्षा सञ्चालन गर्न ५ जना प्रशिक्षक लाई १२००।का दरले पुस्तक खरिद गरेको भनि रु ६०००। भुक्तानी गरेको छ। प्रशिक्षकले प्रशिक्षण भत्ता लिएपछि पुस्तक खरिद वापत को भुक्तानी दिने व्यवस्था नभएकोले सो वापतको भुक्तानी रकम असुल हुनुपर्ने रु

क्र.सं.	पद	नाम	भुक्तानी रु.
१	प्रशिक्षक	बिरेन्द्र बहादुर खडका	१२००
२	प्रशिक्षक	बिर बहादुर साउद	१२००
३	प्रशिक्षक	चन्द्र प्रसाद साउद	१२००
४	प्रशिक्षक	राम बहादुर साउद	१२००
५	प्रशिक्षक	यज्ञ राज उपाध्याय	१२००
जम्मा			६०००

५१ **बढी भुक्तानि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।केही नमुना परीक्षण गर्दा निम्नानुसारका घर धनीलाई घरभाडा भुक्तानी गर्दा रु १०१६००। बढी भुक्तानि गरेकोले राजश्व दाखिला हुनुपर्ने रु

भौ नं र मिति	घर धनीको नाम	भुक्तानी गर्नुपर्ने रकम	भुक्तानी भएको रु.	बढी भुक्तानी रु.
११३, २१७ र २०६।०८१।३।६	मैना देवी वोहरा	९६०००।(१२ महिना)	१२८०००।	३२०००
११५, २१७ र २०५।०८१।३।६	सरु साउद	९००००।(१२ महिना)	१२००००।	२४०००
११८।०८०।८।२८	पदमसिंह रोकाय	पदम रोकायको घर ३ महिनाको भाडा दोहोरो भुक्तानी	४५६००।	४५६००
जम्मा				**१०१६००**

असुल गर्नुपर्ने	१,०१,६००

५२ **शीर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । त्यसै गरी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को खर्च शिर्षकको वर्गिकरण र ब्याख्या अनुसार खर्च गर्नु पर्ने उल्लेख छ। पालिकाले विनियोजित वजेटबाट ऐन र निर्देशिका विपरीत एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च गरेको देखियो। विनियोजित बजेटबाट पालिकाले निम्नानुसार फरक शिर्षकमा विनियोजित बजेटबाट शीर्षक फरक पारी खर्च गरेको देखिएकोले नियमित गर्नुपर्ने रू

भौ न मिति	विनियोजित शीर्षक	खर्च भएको कार्य	रकम रु.
७/२०८०/०६/९	२२५२९ कुटिल उद्योग	२२७११विविध खर्च	७९८००
७०/२०८०/०८/२०	२२५२९ कुटिल उद्योग	२२६१२ भ्रमण खर्च	४०९५०
११६/२०८० /०८/२८	२२७११ विविध	२८१४९ गाडी भाडा।	१६१५००
१६०/२०८०/९/२०	२२२१३ मर्मत	२२७११ विविध	२९२८००
४०३/२०८०/०३/२०	२२७११ विविध	२२२२१ मेशिनरी औजार मर्मत	१६६११०
जम्मा			७४११६०

अनियमित भएको	७,४१,१६०

५३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले आर्थिक वर्षको अन्तमा रु. ३६६५८८४। को मालसामान टुक्राटुक्रा गरी सोझै खरिद गरेको छ।नियमानुसार समयमानै आवश्यक प्रकृया पुरा गरी सामानहरु खरिद गर्नुपर्दछ।

भौ. नं र मिती	फर्मको नाम	विवरण	खर्च रु.
२९।०८१।३।२१	मो सोकिल ट्रेडर्स	जस्ता पाता	९९५३६०।००
३०।०८१।३।२१	न्यु एमडी सकिल ट्रेडर्स	जस्ता पाता	९९५३६०।००
	मानसरोवर मेडी हेल्थ	औषधि (शशर्त)	१३९९३६४।
	डेभिड मेडीको फर्मा	औषधि (शशर्त)	२७५८००।
जम्मा			३६६५८८४।

५४ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले कुटिल उद्योग सञ्चालनको लागि स्थानीय कच्चा पदार्थ प्रयोग गरी उपभोक्ताका लागी दालमोट तथा नम्किन बनाउने तालिमका लागि SRB SUPPLIERS MELLEKH संग मिति २०८०।१०।२५ मा रु ४५००००। भुक्तानी गर्ने गरी मिति २०८०।१२।२० मा सम्झौता गरेको छ। सम्झौता अनुसार कार्य सम्पन्न भएपछि त्यस्तो कार्यक्रमा भएको खर्च,खरिद गरीएका मालसामानको विवरण तथा बिल भर्पाई सहित कार्यक्रममा उपस्थित तथा लाभान्वित ब्यक्तिको सख्या र उपस्थिति, प्रयोग भएका खप्ने सामानहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्ने वा पालिकामा फिर्ता गरी कार्य सम्पन्न गर्नु पर्नेमा उल्लेखित कायक्रम भएको खुल्ने कुनैपनि कागजात पेश नगरी SRB SUPPLIERS MELLEKH कोबिल मात्र राखि भुक्तानी भएको छ।कार्यक्रम भएको खुल्ने यथेष्ट प्रमाण, सामाग्रि हस्तान्तरण प्रमाण सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४,५०,०००

५५ **बिज्ञापन बोर्ड शुल्क**

बिज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ (ख) मा भएको व्यवस्था बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.स ०७९/८० च.नं ३८२ मिति २०७९/०५/०७ को पत्र बमोजिम बिज्ञापन वापतको रकम भुक्तानी गर्दा मू.अ.कर बाहेकको रकममा ३% को दरले रकम कट्टा गरि बिज्ञापन बोर्डको नाममा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न बिज्ञापन ऐजेन्सिहरुलाई बिज्ञापन वापत रु ७९४४२० /- (मू.अ.कर) बाहेक भुक्तानी गरेकोले ३ % ले हुने रकम असुल गरी बिज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्ने रु

भौ नं मिति	मिडियाको नाम	भुक्तानी भएको रु.	कट्टी गर्नुपर्ने रु.
१३।०८०।६।९	अछाम मेडिया	५४०००।	१६२०
	खसड न्युज	४५०००।	१३५०
१३२।०८०।८।२९	भलाई सप्लायर्स एण्ड एडभरटाईजिङ	७००००।	२१००
२४१।०८०।११।१३	अछाम मेडीया	७३०००।	२१९०
३९०।०८१।२।१४	अछाम मेडीया	१६१०००।	४८३०
४११।०८१।२।२५	परफेक्ट एजेन्सी	६६३७०।	१९९१
४२८।०८१।२।२५	फेयरलेस मेडीया	८४०००।	२५२०
४४१।०८१।२।३२	स्टाईल एडभरटाईजिङ	४७८५०।	१४३६
४४७।०८१।२।३२	त्रिलक्ष्मी एडभरटाईजिङ	१४५६००।	४३६८
५१०।०८१।२।१४	त्रिलक्ष्मी एडभरटाईजिङ	४७६००।	१४२८
जम्मा		७९४४२०	२३८३३।

असुल गर्नुपर्ने	२३,८३३

५६ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. ५१,०९,४६४।०० को औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन :-

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५७ कर बिजक पेश गर्नुपर्ने

सार्जनिक खरीद नियमावली २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद वा सेवा लिदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थाबाट गर्नु पर्दछ। पालिकाले निम्न फर्महरुलाई कार्यालय सामन र गाडी तथा मोटरसाईकलका सामन पान बिल राखि रु २६८१६०।० भुक्तानि गरेको छ। अत; सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिमको खर्च अनियमित देखिएको रु

भौ.नं र मिति	फर्मको नाम	बिल नं	बिलको मिति	भुक्तानि रु.
२८४।०८० ।१२।७	कृष्ण पुस्तक पसल	२७२ २८२ २८७ १४६	२०८०। १२।१	६९७१०
२९३।०८० ।१२।८	प्रकृति फेन्सि पसल	८९ ९० ८३ ८४	२०८०। १२।१	७५९५०
७७।०८० ।१०।१४	शोम जनरल स्टोर्स	३९५	२०८०। १०।२	१२२५००
जम्मा				२६८१६०

अनियमित भएको	२,६८,१६०

५८ विल भरपाई वेगरको खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था छ।कार्यालयले देहायवमोजिम खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याई गर्ने विल भरपाई संलग्न नगरी भुक्तानी गरेकोले खर्च पुष्ट्याई गर्ने विल भरपाई पेश गर्नुपर्ने रु

भौ नं र मिति	विवरण	फर्मको नाम	भुक्तानी रु.
८७।०८०।८।२५	अल्लोको जुहारी कोट थान ३१(शिर्षक २२५२९ विविध कार्यक्रमबाट अतिथिहरुलाई मायाको चिनो स्वरुप वितरण गरिएको)	शाश्वत गार्मेन्ट	१८४३५०
२९।०८१।३।२१	जस्ता पाता ८ फिट १७४ थान, ६ फिटको थान ३४८, र प्लेन सीट ३६२ मीटर	मो शोकिल ट्रेडर्स	९९५३६०
२९।०८१।३।२१	जस्ता पाता ८ फिट १७४ थान, ६ फिटको थान ३४८, र प्लेन सीट ३६२ मीटर	न्यु एमडी सकिल ट्रेडर्स	९९५३६०
जम्मा			२१७५०७०

प्रमाण पेश नगरेको	२१,७५,०७०

५९ सवारी साधन भाडा

अर्थ मन्त्रालयको सार्जनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिका, २०७७ वमोजिम सरकारी रकम खर्च गर्दा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ।पालिका संग एक चार पाङ्ग्रे सवारी साधन र मोटरसाइकल भएको अवस्थामा सवारी साधन भाडामा लिई रु ८९६४००। खर्च लेखेको छ।कतिपय अवस्थामा प्रयोजन नखुलाई गाडी भाडामा लिने र कसले प्रयोग गर्यो भन्ने कुरा नखुलाई (अनुगमन तथा भ्रमण खर्च वाहेक) गाडी भाडा वापत खर्च गरेकोले निर्देशिकाको पालना भएको देखिएन। तसर्थ निर्देशिकाको पालना गर्दै खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

६० जिन्सि सामान फिर्ता गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४४ अनुसार कर्मचारी/जनप्रतिनिधिले सरुवा बढुवा लाभको पदबाट अवकाश हुदा आफ्नो जिम्मामा रहेको नगद वा जिन्सि सामान म्याद तोकिएकोमा तोकिएको म्याद भित्र र म्यद नतोकिएकोमा २१ दिन भित्र तोकिए बमोजिम बरबुझारथ गर्नुपर्ने व्यवस्था छ।पालिकाले सरुवा वढुवा वा सेवाबाट अलग भैसकेको अवस्थामा पनि निम्नानुसारका मुल्य खुलेका रु ५०५९६६। र मुल्य लखुलेका सामान को मुल्य खुलाई तपसिल बमोजिमका कर्मचारी/पदाधिकारीले पालिकामा फिर्ता गर्न बाकि देखिएकोले उक्त सामानहरु अविलम्व फिर्ता गर्नुपर्ने रु

सि नं	कर्मचारी / पदाधिकारीको नाम	सामानको विवरण	रकम रु.
१	प्र प्र अधिकृत ध्रुव प्रसाद सापकोटा	मोवाईल थान १(oneplus nord 2t 12/256 gb)	८६५००
२	सव ईन्जिनियर टेक ब . रावल	ल्यापटप थान १ (Lenovo i5 8 gb ram)	मुल्य नखुलेको
३	प्र. सहाएक नमराज भण्डारी	ल्यापटप थान १ (dell, i5 7 th gen. touch screen)	मुल्य नखुलेको
४	अ.सव ईन्जिनियर रंग साउद	ल्यापटप थान १ (dell i5,11 th gen)	८५८४०
५	अ.सव ईन्जिनियरबिरेन्द्र राज खत्री	ल्यापटप थान १ (dell i5,11 th gen)	८५८४०
६	अ.सव ईन्जिनियर नरेन्द्र वोहरा	ल्यापटप थान१ (dell i5,11 th gen)	८५८४०
७	अ.सव ईन्जिनियर सिद्दराज अधिकारी	ल्यापटप थान १ (dell i5,11 th gen)	८५८४०
८	मेडीकल अधिकृत निराजन स्वार	ल्यापटप थान १ (dell, i5 7 th gen.	मुल्य नखुलेको
९	निवर्तमान वडा अध्यक्ष रमेश ब. खडका	से १ ब ७२९ पल्सर मोटर साईकल	मुल्य नखुलेको
१०	नाम नखुलेको	मावाईल oneplus 87 मिति २०७८।३।३ मा खरिद भएको	७६१०६।

अनियमित भएको	५,०५,९६६

६१ **जिन्सी दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी कितावमा सात दिनभित्र सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली पाम्समा आम्दानी बाधिअद्यावधिक गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली तिनै तहका सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले देहायवमोजिम खर्च भई नजाने सामाग्री विभिन्न विद्यालयको लागि खरिद गरेकोमा पालिकाले जिन्सि दाखिला गरी विद्यालयमा हस्तान्तरण गर्नुपर्ने र विद्यालयले उक्त सामाग्रि पाम्समा दाखिला गरि सोको प्रमाण पेश गर्नुपर्ने

भौ नं र मिति	फर्मको नाम	विवरण	भुक्तानी रु.
४३१।०८१।२।३१	बेतालामाण्डौ आ वि मेल्लेख	कम्प्युटर टेवल थान २, डेल मोनिटर थान १, प्रिन्टर थान १' प्रोजेक्टर थान १	१०९०००।
५४२।०८१।३।१८	कालिका मा वि मेल्लेख	एन्ड्रोईड लिड टि भी थान ४ टेवल थान ४८ कुर्ची थान ४	२६७९२१।
२१५।०८१।३।१७	जनता नमुना मा वि मेल्लेख	६५ ईन्च स्मार्ट ईन्ट्राक्टिभ बोंर्ड थान ५, डेल कम्प्युटर थान ७	४६६६९०।
जम्मा			८४३६११।

प्रमाण पेश नगरेको	८,४३,६११

६२ **नमुना विद्यालय अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं. ११.१.२.४४५ को ८.३ अनुसार नमुना विद्यालयको रुपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउँदा विद्यालय र स्थानीय तहबीच सम्झौता गरी पहिलो किस्ताको रूपमा कुल अनुदान रकमको ५० प्रतिशत उपलब्ध गराउने, Structural Part को कार्य सम्पन्न भएपछि दोस्रो किस्ताको रूपमा ३० प्रतिशत अनुदान दिने, र सम्पूर्ण कार्य सम्पन्न गरी नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसहित अन्तिम किस्ताको रुपमा बाँकी २० प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। यस अनुसार पालिकाले श्री जनता नमुना माध्यमिक विद्यालयसँग सम्झौता गरी रु १ करोड र शैक्षिक गुणस्तर कायम गर्न सामग्री खरिदका लागि रु ३०,००,००० निकासा गरेको देखिन्छ। उक्त बजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षमा भएको निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वियन योजना तथा चालू आर्थिक वर्षमा निर्माण हुने कार्यक्रमको लागत अनुमानसहित अनुदान माग गर्नुपर्ने व्यवस्था छ। सम्झौता अनुसार कार्य प्रगतिको आधारमा क्रमशः ५०, ३० र २० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्नेमा विद्यालयलाई एकमुष्ट रकम उपलब्ध गराइएको छ। विद्यालयले भवन निर्माणतर्फ रु ६८,००,००० र शैक्षिक गुणस्तरको सामग्री खरिदतर्फ रु १२,८५,९४० बराबरको मात्र कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ। पालिकाले विद्यालयबाट बाँकी रहेको भौतिक निर्माणतर्फको रु ३२,००,००० र शैक्षिक सामग्री खरिदतर्फको रु १७,१४,७६० को खर्च पुष्टि हुने कागजात तथा प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४९,१४,७६०

६३ **सहभागीता भत्ता**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ पहिलो संशोधन समेत को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। जसअनुसार अनुसूची १ मा पदाधिकारीले पालिका भित्र आयोजना भएको कार्यक्रममा सहभागी हुदाँ सहभागी भत्ता पाउने देखिदैन। नमुना छनौटको आधारमा परीक्षण गर्दा देहाय अनुसार कार्यक्रममा सहभागी भएको जनाई पदाधिकारी लगायतले प्रदेश कानूनमा उल्लेख नभएको सहभागी भत्ता भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

गो भौ नं	विवरण	रकम	असूल गर्नुपर्ने रु
१०१।२०८१। ०१।१६	प्रधानमन्त्री रोजगार कार्यक्रम तथा EMIS सम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रममा अध्यक्ष लगायत १० जना पदाधिकारीहरुको सहभागिता	१००००	८५००
०७।२०८०।०६। ३०	स्वास्थ्य कार्यक्रमहरुको समिझा गोष्ठीमा अध्यक्ष लगायत ७ जना पदाधिकारीहरुको सहभागिता	७०००	५९५०
८८,८९,९०। २०८०।१२।०८	युवा क्लव गठन, युवा मैत्री स्थानीय शासनकालागि युवाका मुद्दामा वहस पैरवी था नमुना युवा संसद अभ्यास कार्यक्रममा अध्यक्ष लगायत १२ जना पदाधिकारी सहभागी	१२०००	१०२००
१६४।२०८१। ०३।०६	रोजगार सेवा केन्द्रको आयोजनामा संचालन भएको रोजगार संवाद मञ्च सम्वन्धी कार्यक्रमा अध्यक्ष लगायत ८ जना पदाधिकारीहरुको सहभागिता	८०००	६८००
जम्मा			**३१४५०।**

असुल गर्नुपर्ने	३१,४५०

६४ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउने तथा सामुदायिक पूर्वाधारको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यक्रमअन्तर्गत गाउँपालिका अन्तर्गतका ८ वडामा "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना" अन्तर्गत ८ योजना र "युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना" अन्तर्गत ६ योजना गरी जम्मा १४ योजना सञ्चालन गरेको छ। यस वर्ष "कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि, २०७७" अनुसार सूचीकृत बेरोजगारमध्येबाट "सामुदायिक आयोजना" अन्तर्गत ४९ जना र "रूपान्तरण पहल आयोजना" अन्तर्गत ४० जना गरी जम्मा ८९ जना बेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रु ५७७ र स्थानीय तहमा कायम रहेको अदक्ष कामदारको ज्यालादरको ८० प्रतिशत दरमध्ये जुन बढी हुन्छ सोही दर कायम हुने व्यवस्था बमोजिम रु ६६८ प्रतिदिनका दरले रोजगारमा संलग्न गराई कुल रु ५९,३०,५०४ श्रमिक ज्याला भुक्तानी गरेको छ। गाउँपालिकाले योजना छनौट गर्दा दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेमा नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरू छनौट गर्दा छनौटको आधार स्पष्ट नभएको हुँदा दोहोरो परे/ नपरेको सम्बन्धमा स्पष्टता देखिएको छैन। योजनामा दोहोरो नहुने गरी छनौट गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। यस खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगो परिणाम र दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भएका केही योजनाहरू...

योजनाको नाम	योजना संचालन भएका स्थान	प्रम रोजगार कार्यक्रमबाट खुद भुक्तानी रु.
माझ गाउँ देखि मैठामाणु पदमार्ग निर्माण	मल्लेख गाउँपालिका वडा नं.- १	३९६७९२
मौझेरी पटकानी मर्मत	मल्लेख गाउँपालिका वडा नं.- ७	३७८६६०

६५ सेवा करार

व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना (SSSPCR) अन्तरगत स्थानीय तहमा सेवा करारमा कार्यरत एम. आई. एस. अपरेटर र फिल्ड सहायकको पारिश्रमिकमा ५०% स्रोत सशर्त अनुदानबाट साझेदारी गरिने परिपत्र भएकोमा यस आयोजना अन्तरगत सेवा करारमा कार्यरत एम. आई. एस. अपरेटर र फिल्ड सहायकको पारिश्रमिक वापतको कूल रु. ६९३९५२। संघीय सशर्त अनुदानबाट भुक्तानि भएकोले पालिकाबाट व्यहोर्ने दायित्व भएको रु. २२०५२८। संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	२,२०,५२८

६६ **दोहोरो सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम नियम १३ मा दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गर्न नहुने तथा मृत्यु भैसकेका लाभग्राहीहरुको विवरण मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा नमुना परीक्षणको क्रममा पालिकाले निम्न व्यक्तिलाई विभिन्न किस्ताको रकम वितरण गर्दा दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो। विवरण सच्चयाई यस आवमा दोहोरो भुक्तानी भएको रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

सि.नं.	वडा नं.	लाभग्राहीको नाम	वैंक खाता नं.	नागरिकता/ परिचयपत्र नं.	किस्ता नं	भुक्तानी रु.	कैफियत
1.	५	बिरमा देवी बोहरा	2777077924000010	693021।201	१	७९८०	
2.	५	बिरमा देवी बोहरा	2777077924000010	693021।201	१	७९८०	बढी भुक्तानी
3.	६	बायोचन कडायत	2777077924000010	2077122400951	१	१५९६	
4.	६	बायोचन कडायत	2777077924000010	2077122400951	१	१५९६	बढी भुक्तानी
5.	४	चौथो साउद	2777077924000010	4।3941	१	१२०००	
6.	४	चौथो साउद	2777077924000010	4।3941	१	१२०००	बढी भुक्तानी
7.	२	कल्पना आयुजी	2777077924000010	449	१	१५९६	
8.	२	कल्पना आयुजी	2777077924000010	449	१	१०६४	बढी भुक्तानी
9.	१	मनदेवी बुढा	2777077924000010	693019।506	१	१२०००	
10.	१	मनदेवी बुढा	2777077924000010	693019।506	१	७९८०	बढी भुक्तानी
11.	५	बिरमा देवी बोहरा	2777077924000010	693021।201	२	७९८०	
12.	५	बिरमा देवी बोहरा	2777077924000010	693021।201	२	७९८०	बढी भुक्तानी
13.	३	बिशिका शाह	2777077924000010	2079122901434	२	१५९६	
14.	३	बिशिका शाह	2777077924000010	2079122901434	२	१५९६	बढी भुक्तानी
15.	४	चौथो साउद	2777077924000010	4।3941	२	१२०००	
16.	४	चौथो साउद	2777077924000010	4।3941	२	१२०००	बढी भुक्तानी
17.	६	बायोचन कडायत	2777077924000010	2077122400951	२	१५९६	
18.	६	बायोचन कडायत	2777077924000010	2077122400951	२	१५९६	बढी भुक्तानी
19.	४	पबी देवी साउद	2777077924000010	693016।1019	२	१२०००	
20.	४	पबी देवी साउद	2777077924000010	693016।1019	२	१२०००	बढी भुक्तानी
21.	१	मनदेवी बुढा	2777077924000010	693019।506	२	१२०००	
22.	१	मनदेवी बुढा	2777077924000010	693019।506	२	७९८०	बढी भुक्तानी
23.	४	विवेक ताम्राकार	2777077924000010	88	३	१५९६	
24.	४	विवेक ताम्राकार	2777077924000010	88	३	१५९६	बढी भुक्तानी
25.	३	बिशिका शाह	2777077924000010	2079122901434	३	१५९६	
26.	३	बिशिका शाह	2777077924000010	2079122901434	३	१५९६	बढी भुक्तानी
27.	६	बायोचन कडायत	2777077924000010	2077122400951	३	१५९६	
28.	६	बायोचन कडायत	2777077924000010	2077122400951	३	१५९६	बढी भुक्तानी
29.	४	चौथो साउद	2777077924000010	4।3941	३	१२०००	
30.	४	चौथो साउद	2777077924000010	4।3941	३	१२०००	बढी भुक्तानी

31.	१	डिला धामी	2777077924000010	233	३	१५९६	
32.	१	डिला धामी	2777077924000010	233	३	१५९६	बढी भुक्तानी
33.	१	गणेश धामी	2777077924000010	68	३	१५९६	
34.	१	गणेश धामी	2777077924000010	68	३	१५९६	बढी भुक्तानी
35.	१	गोपी बुढा	2777077924000010	85	३	१५९६	
36.	१	गोपी बुढा	2777077924000010	85	३	१५९६	बढी भुक्तानी
37.	४	पबी देवी साउद	2777077924000010	693016।1019	३	१२०००	
38.	४	पबी देवी साउद	2777077924000010	693016।1019	३	१२०००	बढी भुक्तानी
39.	५	वीरेन्द्र साउद	2777077924000010	2077112000175	४	१५९६	
40.	५	वीरेन्द्र साउद	2777077924000010	2077122000167	४	१५९६	बढी भुक्तानी
41.	५	बिरमा देवी बोहरा	2777077924000010	693021।201	४	७९८०	
42.	५	बिरमा देवी बोहरा	2777077924000010	693021।201	४	७९८०	बढी भुक्तानी
43.	३	बिशिका शाह	2777077924000010	2079122901434	४	१५९६	
44.	३	बिशिका शाह	2777077924000010	2079122901434	४	१५९६	बढी भुक्तानी
45.	६	बायोचन कडायत	2777077924000010	2077122400951	४	१५९६	
46.	६	बायोचन कडायत	2777077924000010	2077122400951	४	१५९६	बढी भुक्तानी
47.	४	चौथो साउद	2777077924000010	4।3941	४	१२०००	
48.	४	चौथो साउद	2777077924000010	4।3941	४	१२०००	बढी भुक्तानी
49.	१	गणेश धामी	2777077924000010	68	४	१५९६	
50.	१	गणेश धामी	2777077924000010	68	४	१५९६	बढी भुक्तानी
51.	१	मनदेवी बुढा	2777077924000010	693019।506	४	१२०००	
52.	१	मनदेवी बुढा	2777077924000010	693019।506	४	७९८०	बढी भुक्तानी
जम्मा						१,४१,६९२।	बढी भुक्तानी रकम
						असुल गर्नुपर्ने	१,४१,६९२

६७ **दोहोरो नागरिकता नम्बरः**

पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ । साथै नियमानुसार प्रत्येक व्यक्तिको नागरिकता नम्वर फरक हुनुपर्नेमा एकै नागरिकता भएका दुई वा दुई भन्दा बढी व्यक्ति रहेकोले नागरिकता नम्वर सच्याउन सम्वन्धित निकायमा लेखि पठाउन पहल गर्नुपर्दछ। यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन्:

सि.नं.	वडा नं.	लाभग्राहीको नाम	नागरिकता नम्बर	रकम भुक्तानी (त्रैमासिक) रु.
	७	AYASI Devi Saud	33401	१२०००
	७	Dhauli Saud	33401	१२०००
3.	३	Suna Rawal	4/1695	१२०००
4.	३	Dhauli Chadara	4/1695	१२०००
5.	४	Pana Devi Saud	4/2797	१२०००
6.	६	Mansara devi Khadka	4/2797	१२०००
7.	५	Suna Bhul	4/3318	१२०००
8.	५	Mandharadevi Bhul	4/3318	१२०००
9.	८	Makhi Bhul	4/958	१२०००
10.	८	Sabi Saud	4/958	७९८०
11.	७	BHAKTE SAUD	4।4262	१२०००
12.	१	Rangidevi Kami	4।4262	१२०००
13.	४	MOTI DEVI OD	693016/1	७९८०
14.	४	Jhuma Devi Budha	693016/1	१२०००
15.	४	Kamala Devi Saud	693016/427	७९८९
16.	४	Dhane Saud	693016/427	१२०००
17.	४	Rangi Devi Saud	693016/558	१२०००
18.	४	Dhauli Devi Saud	693016/558	१२०००

६८ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

(क) पारदर्शिता: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

(ख) नवीकरण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

(ग) सार्वजनिक सुनुवाई: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय

सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

(घ) अनुगमन तथा निरीक्षण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको विवरण पेश हुन आएन। अनुगमन तथा निरीक्षण अनुगमन तथा निरिक्षणको अभावमा वितरण प्रकृया नियमानुसार भएको छ भन्ने एकिन नहुने साथै सोमा गर्नुपर्ने सुधारका लागि पृष्ठपोषण नहुने हुँदा कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

(ङ) निस्कृय खाता: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ। तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन ।तसर्थ निष्क्रिय खाता सम्वन्धी विवरणका अभावमा कति खाता निष्क्रिय छन र सोमा कति रकम बाँकि छ एकिन गर्न सक्ने अवस्था रहेन। पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी निष्कृय खातामा रहेको रकम फिर्ता गर्नुपर्छ।

६९ **पदाधिकारी वैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार गाउँ कार्यपालिकाका सदस्य तथा वडा सदस्यहरुलाई मासिक वैठक बसेवापत बढीमा दुईवटा वैठकको भत्ता वापत प्रति वैठक रु. १००० का दरले रकम उपलब्ध गराउने उल्लेख छ। यसरी दिने वैठक भत्ता वैठक संख्याको आधारमा उपस्थित सदस्यहरुलाई मात्र दिनु पर्नेमा वैठक नबसेको अवधि र उपस्थित नभएका पदाधिकारीलाई समेत भुक्तानी गरेको पाईयो। यस आ. व. मा रकम अभावका कारण श्रावण देखि कार्तिक सम्म ८ वटा वैठकको भत्ता वितरण गरेकोमा सो पछि भत्ता वितरण नगरी भुक्तानी दिन बाँकि दायित्व सृजना गरेको छ। पालिकाको कार्यपालिका वैठकको माइन्यूट भिडान गर्दा श्रावणमा वैठक नबसेको भाद्र, असोज र कार्तिकमा एक एक पटक वैठक वसेको जसमा तीनै बैठक गरी जम्मा ३६ जना पदाधिकारी मात्र उपस्थित भएको देखियो। त्यस्तै वडा तर्फ वडा नं. ५ र ६ को रेकर्ड पेश भएकोमा वडा नं ५ मा श्रावणदेखि कार्तिक सम्म बैठक नबसेको तथा वडा नं ६ मा उक्त अवधिमा २ वटा मात्र बैठक वसेको पाइयो।नियमानुसार मासिक बढीमा दुई बैठक र उपस्थितिका आधारमा मात्र भत्ता वितरण गर्नुपर्ने देखिएकोले आगामी आ. व. मा दायित्व अनुसारको रकम वितरण गर्दा एकिन गरेर मात्र वितरण गर्नुपर्ने देखिएको छ।

७० **भर्पाई पेश नभएको**

पालिकाले बिभिन्न विद्यालयका छात्राहरुका लागि आवश्यक स्यानिटरी प्याड ३०६८० प्याकेट रु.१९९४४५९। मा खरिद गरेकोमा १५ विद्यालयमा २०१६० प्याकेट स्यानिटरी प्याड हस्तान्तरण गरेको भर्पाइ पेश गरेको छ।बाँकी १०५२० प्याकेट स्यानिटरी प्याड जिन्सीमा मौज्दात को प्रमाण पेश नभएको साथै विद्यालयलाई हस्तान्तरण गरेको हस्तान्तरण फारम पेश हुन आएन। जिन्सी मौज्दातको प्रमाण र विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६,८३,७७४

७१ **पर्व खर्च दोहोरो**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३४,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **४३,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **४३,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७२ **भर्पाइ वेगरको छात्रवृत्ति**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१३,७८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७४ **राहत शिक्षकलाई स्थानीय भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१४,७७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७५ **दिवाखाजामा बढी निकासा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७६ **विद्यालय अनुगमन**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन। नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

७७ **बढी ग्रेड भुक्तानी**

(२।२०८०।०६।२९) कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं. १.१.३.३ मा राष्ट्रिय कितावखाना (शिक्षक) बाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत राष्ट्रिय कितावखाना (शिक्षक) बाट पारित तलवी प्रतिवेदनमा भए अनुसार तलव तथा ग्रेड खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले नन्देश्वरी मा. वि. को शिक्षक रेखा थापा (प्रा. वि. तृतीय) को तलवी प्रतिवेदन अनुसार तीन ग्रेड वापत रु ३२९१। पारित भएकोमा ४ ग्रेड वापत मासिक रु ४३८५ निकासा गरेको छ। जसले गर्दा एक ग्रेड वापत रु १०९७ ले १२ महिनाको रु १४४८०। (संचयकोष थप समेत) र पर्व खर्चमा रु १०९७। समेतले १५५७७। बढी निकासा भएको छ। पालिका शिक्षा शाखाबाट ग्रेड रकम राख्दा भुलवस कम राखि तलवी प्रतिवेदन पारितका लागि पेश भएकोमा सोही अनुसार प्रतिवेदन पास भै आएको भनाई रहेकोले नियमानुसार ग्रेड मिलान गरेको प्रमाण षेश गर्ने अन्यथा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१५,५७७

७८ **स्यानिटरी प्याड खरिद**

स्यानिटरी प्याड व्यवस्थापन तथा वितरण सम्वन्धी कार्यविधि, २०७६ को अनुसूची १ को दफा ३ मा पालिकाले खरिद गर्ने स्यानिटरी प्याडको साईज न्युनतम लम्वाई २४०±२०, चौडाई ६० देखि ७५ एमएम र मोटाई १५±२ एमएम उल्लेख छ।साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र दफा २१ मा यस कार्यक्रमको कार्यन्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ। गाउँपालिकाले १५३०० प्याकेट स्यानिटरी प्याड रु ९९४४९९.९९। बुढीगगा फार्मेसी, साँफेवगर संग खरिद गरी गो. भौ. नं. १२१/२०८१।०२।०४ बाट भुक्तानी दिएको र पुन: १५३८० प्याकेट स्यानिटरी प्याड रु. ९९९६६३.०८८।मा बुढीगंगा फार्मेसी ,साँफे वगर संग खरिद गरी गो. भौ. नं. १९२/२०८१।०३।१३ बाट भुक्तानी गरेको छ। वर्षान्तमा सोझै खरिद गरि कुल रु. १९,९४,१६३.०७८। भुक्तानी गरेको छ।पालिकाले स्यानिटरी प्याड खरिद प्रकृयामा कार्यविधिमा तोकिएको मापदण्डमा स्यानिटरी प्याड भए नभएको एकिन गरेको पाइएन।कार्यविधिमा तोकिएको स्पेस्फिकेशन अनुसार लागत अनुमान तयार नगरेको र सप्लायर्सले पेश गरेको विजकमा लम्वाई, चौडाइ तथा मोटाइको साइज उल्लेख नभएको साथै ल्याव परीक्षणको रिपोर्ट पेश नभएको कारण कार्यविधिमा तोकिएको मापदण्ड वमोजिम स्यानिटरी खरिद भएको सम्वन्धमा विश्वस्त हुन सकिएन। पालिकाले कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ।साथै प्रतिस्पर्धाबाट खरिद गर्नुपर्नेमा एकै सप्लायर्सबाट टुक्रा पारी सिधै खरिद गरेकोले सार्वजनिक खरिद ऐनको पालना गरेको पाइएन।

७९ **वितरण भर्पाई पेश गर्ने**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाको जिन्सी रेकर्डमा गत वर्षको न्यानो झोला अल्या ४३८ थान र चालु आर्थिक वर्षको ६०० थान खरिद गरि जम्मा १०३८ थान न्यानो झोला बाट चालु आ. व. मा पालिका भित्रका स्वास्थ्य संस्थामा भएको ५३८ जना सुत्केरीलाई वितरण गरी ५०० थान न्यानो झोला मौज्दात हुनुपर्नेमा ३५० थान न्यानो झोला मात्र मौज्दात देखिएकोले बाँकी १५० थान न्यानो झोला यकीन गरी प्रति थान रु ९०० का दरले रु १३५०००।को हस्तान्तरण तथा वितरण गरेको भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,३५,०००

८० **न्यानो झोला खरिद:**

स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शनमा न्योनो झोलाको Specification तोकिएको छ।जसअनुसार हिमालि जिल्लाको लागि प्रति न्यानो झोला रु १०००। र तराई र पहाडी जिल्लाको लागि प्रति न्यानो झोला रु ९००। को दरमा रकम व्यवस्था गरिएको छ।यसरी खरिद गर्ने न्यानो झोलाको मार्गदर्शनले तोकिए बमोजिमको Specification तयार गरि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरि तोकिएको Specification अनुसार भए नभएको एकिन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष ३५० थान न्यानो झोला प्रति थान रु ८९९.४८ का दरले रु. ३१४८१८।०० को शुभम सर्जिकल सप्लायर्स, कैलालीबाट र २५० थान न्यानो झोला रु. ९०४ का दरले रु २२६०००। को दिदि वहिनी जैविक प्याड उद्योग,अछाम बाट खरिद गरेकोमा न्यानो झोलाको Specification तयार नगरेको तथा तोकिएबमोजिमको Specification भए नभएको एकिन गरेको छैन।पालिकाले मार्गदर्शनमा उल्लेखित Specification अनुसार न्यानो झोला खरिद तथा तोकिएको गुणस्तर अनुसार भए नभएको एकिन गर्नुपर्दछ।

८१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा २५ लाख रुपैयासम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्रिमूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेकोमा नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले चालु आ. व. मा Mansarovar Medihealth Pvt. Ltd, Kathmandu बाट औषधी खरिद गर्दा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मूल्यभन्दा तपशिल वमोजिमको औषधीकव बढि मुल्य समावेश गरि पेश गरेको विजक दरको आधारमा भुक्तानी गरेको देखियो।

औषधी खरिद सम्वन्धी निर्देशिका तथा खरिद कानुनमा उल्लेख भए अनुसारको प्रकृया पुरा गर्नुपर्ने देखिन्छ।भने पत्रिकामा प्रकाशित मूल्य भन्दा बढी दरको बिल पेश गरि भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्ने रु ३६९००।

सि.नं.	औषधीको नाम	राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दर रु.	भुक्तानी दर रु.	परिणाम	फरक दर रु.	बढी भुक्तानी रु.
१	Amoxyciline 125 mg DT	०.५	२.९६	५०००	२.४६	१२३००
२	Calamine Latin	४५	८५	१००	४०	४०००
३	Gentain Violet	२१	८५	१००	६४	६४००
४	Metronidazole syrup	३५	४५	३००	१०	३०००
६	Amlodipine 5mg	५	५.९	३०००	०.९	२७००
७	Povidine 500 ml	३६०	४५०	७०	९०	६३००
८	Inj Lignocaine	५५	६५	२०	१०	२००
9	Adhesive tape	२९०	३९०	२०	१००	२०००
जम्मा						**३६९००।**

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ साथै अन्य औषधी खरिद कार्यमा बढी भुक्तानी भएको रकम यकीन गरी दाखिला गरिनुपर्दछ।

असुल गर्नुपर्ने	३६,९००

८२ **कर दाखिला**

स्वास्थ्य संस्था प्रमुख र विद्यालय स्वास्थ्य शिक्षकहरुको उपस्थितिमा विद्यालय पोषण स्वास्थ्य कार्यक्रमको समिक्षा गर्न भएको खर्च मार्फत सावित्रि देवि खडका को पेश्की गो. भौ, नं. २५१।२०८१।०३।२४ बाट फछ्यौट गर्दा कट्टी भएको पारिश्रमिक कर र अग्रीम आयकर दाखिला गर्न बाँकी रहेको रु ४७१८ को कर दाखिलाको प्रमाण पेश हुनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	४,७१८

८३ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. १५१०००। गो. भौ. नं २८।२०८०।०८।२८ बाट स्वास्थ्य कर्मी फिल्ड भत्ता, सुरक्षित गर्भपतन वापतको रकम र P.N.C. वापतको बाँकी रकम आामा सुरक्षा कार्यक्रमबाट भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

भुक्तानी पाउने व्यक्ति/संस्था	विवरण	भुक्तानी रु.
ठाटी स्वास्थय चौकी	सुरक्षित गर्भपतन सेवा वापतको रकम	४०००
कुस्कोट स्वास्थ्य चौकी	सुरक्षित गर्भपतन सेवा वापतको रकम	४८००
मेल्लेख स्वास्थ्य चौकी	सुरक्षित गर्भपतन सेवा वापतको रकम	२४०००
षोड्सा स्वास्थ्य चौकी	सुरक्षित गर्भपतन सेवा वापतको रकम	८८००
नन्देडाडा स्वास्थय् चौकी	सुरक्षित गर्भपतन सेवा वापतको रकम	८०००
लक्ष्मी ओझा	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४०००
नवराज धामी	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४०००
शेर वहादुर बुढा	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४०००
चन्द्रा बुढा	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४०००
माया शाह	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४०००
नरेन्द्र रावल	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	६०००
अन्जु शाही	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	६०००
कौशिल्ला अधिकारी	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	६०००
जगत विक	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	२०००
लक्ष्मी भट्टराई	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	३९५०
जनक खडका	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४९५०
शुशिला रावल	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	२०००
जयसारा साउद	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	२०००
डम्मर बुढा	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	२०००
सागर भण्डारी	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	२०००
मदन महर	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	४०००
जाल शाह	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	५०००
निर्मला विष्ट	स्वास्थ्य कर्मी फिल्ड कर्मचारीले पाउने रकम	२०००
लक्ष्मी ओझा	P.N.C. चेकजाँचको रकम भुक्तानी	४०००
सरिता बुढा	P.N.C. चेकजाँचको रकम भुक्तानी	६५००
माया शाह	P.N.C. चेकजाँचको रकम भुक्तानी	५००
गंगा बोहरा	P.N.C. चेकजाँचको रकम भुक्तानी	३०००
सत्य खडका	P.N.C. चेकजाँचको रकम भुक्तानी	५०००
जनक खडका	P.N.C. चेकजाँचको रकम भुक्तानी	७५००
जयसारा साउद	P.N.C. चेकजाँचको रकम भुक्तानी	४५००

निर्मला कुमारी विष्ट	P.N.C. चेकजाँचको रकम भुक्तानी	५००
स्मृति साउद	P.N.C. चेकजाँचको रकम भुक्तानी	१५००
जाल शाह	P.N.C. चेकजाँचको रकम भुक्तानी	५००
जम्मा		**१५१०००**

अनियमित भएको	१,५१,०००

८४ **तलबी प्रतिवेदन**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।०५।१८ को चलानी नं. १८० पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको तलबी प्रतिवेदन सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको र पालिकाका कर्मचारीको खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

८५ **विजक वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च को पुष्टयाई गरिने विल भर्पाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले कोमल ट्रेडर्स एण्ड सप्लायर्सलाई गो. भौ. नं. १००/२०८०।१२।०८ बाट विजक वेगर रु. १६६११०। को भुक्तानी दिएको देखिएकोले उक्त खर्चको पुष्टि गरिने विल भर्पाई पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,६६,११०

८६ **मेशिन खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १ मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। EBA कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८० मा व्यवस्था भए वमोजिम यस शीर्षकमा रहेको वजेट चरण क्षेत्र व्यवस्थापन, गह्रा सुधार खोला किनारमा फिल्टर, ड्याम निर्माण पोखरी संरक्षण तथा वर्षातको पानी संकलन तथा CLIPS निर्माण जस्ता जलवायू अनुकूलित कार्यक्रममा उपभोक्ता समिति गठन गरी खर्च गरिने व्यवस्था भएकोमा कार्यालयले Change In Nepal Pvt. Ltd, Bhaktpur बाट Corn Puff Machine र 5 H.P. 4p Motor खरिद गरि गो. भौ. नं. १४७ बाट रु. १,२७,७६०। भुक्तानी गरेकोमा उक्त सामग्रीहरुको जिन्सी दाखिला नभएको र सामग्री खरिद सम्वन्धित शीर्षकसंग मेल खाने नभएकोले भुक्तानी दिन नमिल्ने देखिएको छ।तसर्थ शिर्षक फरक पारी खर्च गरिएको रकम नियमित गर्नुको साथै सामान दाखिला प्रमाण पेश गर्नुपर्ने रु १२७७६०।

प्रमाण पेश नगरेको	१,२७,७६०

८७ **अनुगमन व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को (ख) मा पालिकाबाट संचालित कार्यक्रम तथा आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्न पालिकाको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति रहने व्यवस्था छ।पालिकाबाट संचालित कृषि तथा पशु, शिक्षा, लघुउद्यम तथा अन्य कार्यक्रमहरुको ऐनले तोकेको अनुगमन समिति मार्फत अनुगमन नभई अन्तिम भुक्तानी भएको पाइन्छ।यसरी ऐनले तोकेको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिवेक्षण गरी अन्तिम भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

८८ **थप व्ययभार**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा मात्र कार्यालय वाहिरको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ।

कार्यालयले कृषि पशुपन्छी तथा मत्स्यको तथ्याङ्क संकलन गर्नका लागि मासिक रु. ३३०००। का दरले भुक्तानी दिने गरि २०८० फाल्गुण १५ देखि २०८१ जेष्ठ १५ सम्मको लागि पालिकाको वडा नं. ५ निवासी भिम महर संग सम्झौता गरी गो. भौ. नं. १५९। २०८१।०३।०५ बाट रु ९९०००। भुक्तानी गरेको छ। कृषि तथा पशु शाखामा ५ जना आन्तरिक जनशक्ति कार्यरत रहेको अवस्थामा कार्यालय वाहिरको जनशक्तिबाट कार्य गराउँदा बढी व्ययभार पर्न गएको छ।यसरी बाह्य व्यक्तिबाट काम गराउनु पर्ने कारण र सम्वन्धितले तयार गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९९,०००

८९ **जनश्रमदान**

पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा २२ मा उपभोक्ता समूहबाट संचालन गरिने जिविकोपार्जन (CLIPS) वाहेकका सम्पूर्ण कार्यक्रमहरुमा कम्तिमा २० प्रतिशत स्थानीय समुदायको लागत साझेदारी हुनुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असुल हुनुपर्ने रु.

क्र. सं.	**आयोजनाको नाम**	**वडा नं**	**कार्य सम्पन्न रु.**	**भुक्तानी रु.**	**भुक्तानी हुनुपर्ने रु.**	**बढी भुक्तानी रु**
1.	Terrace Improvement Yojana	२	४०७१९१। २५	३३४४७६	३२५७५३	८७२३
2.	Jhullegada Terrace Improvement Yojana	६	२९६७७५	२४००००	२३७४२०	२५८०
जम्मा						**११३०३**

असुल गर्नुपर्ने	११,३०३

९० **सेवा परामर्श खरिद**

पालिकाले यस वर्ष सेवा परामर्श खरिद वापत देहायबमोजिमको कार्य गरेको छ ।

भौ.नं.	कार्यक्रम	परामर्शदाता	भुक्तानी रु.	सम्झौता मिति	कार्यान्वयन अवस्था
४०-२०८०। ९।२५	विम्कोट मन्दिर डिपिआर निर्माण	डिजाइन लाइफ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली.	१४०६८५०	२०८०।५। ५	कार्यान्वयनमा गएको
१२९-०८०। ९।२२	खापर माण्डौ मन्दिरको डिपिआर निर्माण	बुढिगंगा इन्जिनियरिङ्ग कन्सल्टेन्सी	९९१७१६	-	कार्यान्वयन हुन बाँकी
१५-२०८१। १।३१	औद्योगिक ग्राम आईई प्रतिवेदन तयारी	ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन प्राली	९९१५००	२०८०। १२।१५	कार्यान्वयनमा रहेको

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

९०.१ **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक

लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्श खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजन वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको देखियो । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

९०.२ **प्रस्ताव मुल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्याक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन नगरी सोझै आर्थिक प्रस्तावको आधारमा खरिद सम्झौता भएको देखियो । जसबाट परामर्शदातासँग तोकीएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदन गुणस्तरिय भएको मान्न सकिएन ।

९०.३ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ९५ मा कार्यालय प्रमुखले कुनै माध्यमबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि लगत अध्यावधिक गर्नु, गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद भएका माथि उल्लेखित परामर्श खरिद वापतका प्रतिवेदन पालिकाको जिम्सी किताब/पाम्समा दाखिला गरेको पाइएन । अत उक्त प्रतिवेदन दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्दछ ।

९१ **ट्रान्सफर्मर खरिद**

पालिकाले यस वर्ष गत आर्थिक वर्षको भुक्तानी बाँकी पूँजीगत शिर्षकबाट ट्रान्सफर्मर खरिद कार्यको लागि शारदा निर्माण सेवालाई रु.९६८४५४।० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

९१.१ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशन, विगतमा सोही प्रकृतिको खरिदमा लागेको लागत, प्रचलित दरभाउ, तोकीएको जिल्ला दररेट आदिलाई आधार लिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष १ वटा ट्रान्सफर्मर खरिद र त्यसको लागि आवश्यक पर्ने अन्य सामाग्री खरिद गर्नको लागि रु.९६८५५५।० को लागत अनुमान तयार गरेको छ । तर लागत अनुमान तयार गर्दा सामाग्रीको दररेट केकसरी निर्धारण भयो सो सम्बन्धमा लेखापरीक्षणको क्रममा कुनै विवरण पेश नभएबाट लागत अनुमान विश्वासनिय भएको मान्न सकिएन ।

९१.२ **जडानको भुक्तानी** - पालिकाले खरिद गरेको एक वटा ट्रान्सफर्मर Installation all item वापत जडानको लागि ८ जव उल्लेख गरी रु.२६४००।० का दरले रु.२११२००।० भुक्तानी गरेको छ । एउटा मात्र ट्रान्सफर्मर जडान कार्यको लागि ८ जव राखि भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.१८४८००।० सम्बन्धित आपुर्तकबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,८४,८००

९१.३ **विजक जारी** -सार्वजनिक निकायले खरिद सम्झौता पश्चात उक्त रकम भुक्तानी गर्दा सम्झौता अनुसार मुल्य अभिवृद्धि कर समेतको विजक जारी गरे पश्चात सोही आधारमा रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले ट्रान्सफर्मर खरिद कार्यको लागि शारदा निर्माण सेवासँग सम्झौता गरी कार्य गरेकोमा गरेकोमा निर्माण व्यवसायीले सोही अनुसारको मुल्य अभिवृद्धि कर विजक पेश नगरी के.डि. सप्लायर्सको रु.६२७२५१।०, महाकाली विजुली भण्डारको रु.१३००००।० र अन्य विविध विलको आधारमा शारदा निर्माण सेवालाई लाई रु.९६८४५४।० भुक्तानी गरेको देखियो । एक आपुर्तकसँग खरिद सम्झौता गरेकोमा अन्य संस्थाले पेश गरेको विजकको आधारमा रकम भुक्तानी गर्नु नियमसम्मत देखिदैन । सम्झौता अनुसार विजक जारी गरे पश्चात मात्र रकम भुक्तानी गर्नुपर्दछ ।

९२ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न मितिमा देहायबमोजिम

मोटरसाइकल खरिद गरी रु.२७५६२००।० खर्च लेखेको छ । एकै कार्यक्रममा विनियोजित बजेटबाट उच्च प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्नेमा टुक्रापारी खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

भौ.नं.	आपुर्तक	खरिद मिति	खरिद परिमाण	भुक्तानी रु.	खरिद विधि
३८	सुभेक्षा ट्रेड एण्ड सप्लायर्स	२०८०।५।१८	१ थान	३१३९००	सोझै
		२०८०।६।१२	१ थान	२९५९००	सोझै
		२०८०।७।१	१ थान	३१६९००	सोझै
६५	इन्द्रसरा आयल स्टोर	२०८०।६।२५	३ थान	१०९७७००	सोझै
१८५	इन्द्रसरा आयल स्टोर	२०८०।९।२३	२ थान	७३१८००	सोझै
	जम्मा			२७५६२००	

अनियमित भएको	२७,५६,२००

९३ **कागजात नभएको**

सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा बिल भर्पाइसहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको कार्यक्रममा रु.८३०१७६।० भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा श्रेस्ता संलग्न नगरेकोले उक्त रकम खर्च भएको प्रमाणित हुने कागजात पेश गर्नुपर्ने रु

भौ.नं.	कार्यक्रम	भुक्तानी लिने	रकम रु.
३-२०८०।६।९	गत आ.व. को भुक्तानी बाँकी	सोलिना फर्निचर उद्योग	४६९१७६
२५९-२०८१।३।२४	सडक मर्मत	सि.वि.आर कन्ष्ट्रक्सन प्रा.ली.	३६१०००
जम्मा			८३०१७६

प्रमाण पेश नगरेको	८,३०,१७६

९४ **विमकोट मन्दिर निर्माण**

पालिकाले यस वर्ष विमकोट मन्दिर निर्माण कार्य (ठेक्का नं. ४-२०८०।८१) को लागि निर्माण व्यवसायि एल.आर.के डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा.ली. सँग रु.५३०६४१६ को सम्झौता गरी निर्माण कार्य गरेकोमा रु.५१६८००६।७८ को कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

९४.१ **असम्वन्धित खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसंग सम्वन्धित आइटममात्र समावेश गर्नुपर्ने उल्लेख छ । सार्वजनिक लेखा समितीको २०६९।०९।०२ को निर्णयअनुसार निर्माण संग असम्वन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न २०६९।१०।५ मा परिपत्र गरेको छ। पालिकाले यस वर्ष विम्कोट मन्दिर निर्माण कार्यको पिएस आइटममा ल्याव टेष्ट सम्बन्धि उपकरणहरु राखि गरेको खरिद सम्झौता अनुसार रु.१५००००।० भुक्तानी गरेको छ । वि ओ क्युमा राखि खरिद भएका सामाग्री निर्माण कार्य सम्पन्न भए पश्चात पनि कार्यालयमा जिन्सी दाखिला गरेको पाइएन । खरिद गर्दा सामाग्रीको प्राविधिक स्पेशिफिकेशन तयार नगरी खरिद गरिएको र सामाग्रीको प्राविधिक चेक जाँच नगरी भुक्तानी भएको देखिन्छ। कार्यालयले सामाग्री खरिद गर्दा नियमावलीको व्यवस्था वमोजिम सामाग्रीको स्पेशिफिकेशन तयार नगरी खरिद कार्य गरेको र सामाग्री कार्यालयमा दाखिला भएको नदेखिएकोले खर्च रकम नियमसम्मत नदेखिएको रु

क्र सं	सामाग्री	परिमाण	रकम रु.
१	AIV Machine	१ सेट	४११९२।९२
२	Cube Movld	१५ वटा	४५०००
३	Brass seive (2.36mm)	१ वटा	२५००
४	Balance (30 kg) Honda	१ वटा	१३२७४।३३
५	Elogation Gauge	१ वटा	२६५४।८६
६	Flakeiness Gauge	१ वटा	२६५४।८६
	जम्मा		१०७६७६।९७
	मूल्य अभिवृद्धि कर सहित जम्मा		१२१६७४।९७

अनियमित भएको	१,२१,६७४.९७

९४.२ **बिलभन्दा बढी भुक्तानी** - कार्यालयले पिएस आइटमको रकम भुक्तानी गर्दा निर्माण व्यावसायीले पेश गरेको छुट्टै सक्कल विजकको आधारमा मात्र रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले पिएस आइटममा राखि ल्याव टेष्ट उपकरण खरिद वापत रु.१५००००।० भुक्तानी गरेकोमा निर्माण व्यवसायीले रु.१२१६७४।० को मात्र विजक पेश गरेकोले विजक भन्दा बढी भुक्तानी भएको रकम रु.२८३२६।० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२८,३२६

९४.३ **विमा नगरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा बीस लाख भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवासयीले वीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीसँग रु.५३०६४१६।० को सम्झौता गरी निर्माण कार्य गराएकोमा वीमा नगराई निर्माण कार्य सम्पन्न गरेको छ । निर्माण कार्यसँग सम्बन्धित सम्भावित जोखिम न्यूनीकरण गर्न समेत वीमा अनिवार्य रुपमा गर्नुपर्दछ । अत पालिकाले नियमावलीको व्यवस्था अनुसार वीमा गराएर मात्र निर्माण कार्य गर्नुपर्दछ ।

९५ **सडक निर्माण**

पालिकाले जिरो प्वाइन्ट नन्देगडा दुल्पात मेल्लेख षोडशा ऋषिदह सडक निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री बानियाँ नाती जे.भी. सँग २०८०।३।१६ मा सम्पन्न गर्ने गरी २०७८।९।५ मा रु.१२९१९९३०२।० को खरिद सम्झौता गरी निर्माण कार्य गराएकोमा आर्थिक वर्ष २०८०।८१ सम्म रु.७२०६२३०५।२१ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

९५.१ **म्याद थप-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा प्रचलित कानुन बमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा विविध कारणबाट सम्झौता बमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका आयोजनाको निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याँई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिकासहित म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले नियमावलीले गरेको व्यवस्था विपरित निर्माण व्यवसायीले म्याद थपको लागि दिएको निवेदनको आधारमा स्पष्ट आधार र प्रमाण वेगर एक मुष्ट रुपमा गाउँ कार्यपालिकाको मिति २०८१।३।२३ को निर्णयानुसार मिति २०८१ मंसिर मसान्तसम्मको लागि दोस्रो पटक म्याद थप गरेको छ । स्पष्ट कारण र आधार विना म्याद थप गर्ने परिपाटिमा नियन्त्रण गरी तोकिएको समयमानै निर्माण कार्य गराउने तर्फ पालिकाले जोड दिनुपर्दछ ।

९५.२ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानतकोमान्य अवधि निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । पालिकाले ठेक्का अवधि दोस्रो पटकसमेत गरी मिति २०८१ मंसिर मसान्त सम्म थप गरेकोमा निर्माण व्यवसायिले पेश गरेको कार्यसम्पादन जमानत रकम रु.३३०७५०००।० को म्याद २०८१ चैत्र १ सम्म रहेकोले ठेक्काको त्रुटि सच्याउने अवधिमिति २०८२ पौष मसान्तसम्म जमानतको म्याद थप गर्नुपर्दछ ।

९५.३ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रिमिक्स कार्पेटको काम भन्दा प्राइम कोट र ट्याक कोटको काम बढी क्षेत्रफलमा गरेको देखाई नापी किताब तयार गरेको देखियो । प्रिमिक्स कार्पेट नगर्ने क्षेत्रमा प्राइम कोट र ट्याक कोट गर्दा उक्त कामको कुनै औचित्य नहुने नदेखिएकोले यसरी वढी क्षेत्रफलमा कार्य गरेको देखाइ रकम भुक्तानी गर्नु उचित देखिँदैन । पालिकाले प्रिमिक्स कार्पेटको कार्य २६९५४ बर्ग मिटर क्षेत्रफलमा गरेकोमा सो भन्दा बढी देखाइ देहायबमोजिम प्राइम कोट र ट्याक कोटको लागि भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु.

कामको विवरण	कामको परिमाण	स्प्रे रेट रु.	बढी परिमाण	दर रु.	बढी भुक्तानी रु.
प्राइम कोट	२९०४८.८ ब.मि.	०.६	१२५६.८८	११५	१४४५४१
ट्याक कोट	२८१११.७ ब.मी.	०.७	८१०.३९	१०५	८५०९१
जम्मा					२२९६३२
मुल्य अभिवृद्धि कर समेत जम्मा					२५९४८४

असुल गर्नुपर्ने	२,५९,४८४

९६ **औद्योगिक ग्राम निर्माण**

पालिकाले यस वर्ष औद्योगिक ग्राम पूर्वाधार निर्माण र कार्यसञ्चालन तथा व्यवस्थापन कार्यक्रममा रु.९२०००००।० बजेट विनियोजन भएकोमा पर्खाल निर्माण, आई ई ई प्रतिवेदन तयारी, घेरावार निर्माण लगाएतका क्रियाकलाप सञ्चालन गरी रु.८५२९७७७।० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

९६.१ (13-२०८१-१-२८):

काजगात नराखेको - सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३७ मा सरकारी रकम खर्च गर्दा बिल भर्पाइसहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले औद्योगिक क्षेत्र घेरापर्खाल निर्माण उपभोक्ता समितिलाई रु.१६३८८०४।० भुक्तानी दिएकोमा लेखापरीक्षणको क्रममा उक्त खर्चको विल भर्पाई तथा पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नभएकोलेखर्च पुष्ट्याई गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१६,३८,८०४

९६.२ (१५-२०८१-१-३१):

आईई प्रतिवेदन -औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. १२ (२) मा सम्बन्धित स्थानीय तहबाट औद्योगिक ग्रामको लागि आवश्यक पूर्वाधार निर्माण तथा विकास कार्य गर्न विस्तृत परियोजना प्रतिवेदन तयार तथा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने र बुँदा नं. १२(५) अनुसार परियोजना प्रतिवेदन, वातावरणिय अध्ययन तथा औद्योगिक ग्रामको निर्माण तथा विकासको पूर्व तयारीमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष औद्योगिक ग्रामको आईई प्रतिवेदन तयार गरी ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.लाई संघीय अनुदान बजेटबाट रु.९९१५००।

० भुक्तानी गरेको छ । निर्देशिका विपरित पालिका स्रोतबाट खर्च लेख्नुपर्ने पर्ने रकम संघीय कोषबाट खर्च लेखेकोले उक्त रकम पालिका स्रोतबाट खर्च लेखि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,९१,५००

९६.३ **विवरण पेश नभएको-** औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. १२क(३) मा औद्योगिक ग्राम निर्माणको लागि रकम उपलब्ध गराउनु अघि मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग त्यस्तो रकम उपलब्ध गराउने विधि तथा शर्त र औद्योगिक ग्राम निर्माण तथा विकास सम्बन्धी अन्य व्यवस्था समेत संलग्न गरी लागत सहभागिता सम्झौता गर्नुपर्ने उल्लेख छ । पालिकाले लेखापरीक्षणको क्रममा मन्त्रालयसँग भएको सम्झौता पेश नगरेकोले खर्च रकम सम्झौता अनुसार नै भएकोमा एकिन हुन सकिएन । अनुदान रकम सम्झौताको शर्त अनुसार नै खर्च भएको देखिने प्रमाण र सम्झौता सम्बन्धी कागजात पेश गर्नुपर्दछ । त्यस्तै बुँदा नं. १२क(२) मा औद्योगिक ग्रामको कुल निर्माण लागतको चालीस प्रतिशत वा तीन करोड मध्ये जुन कम हुन्छ सो रकम मन्त्रालयले औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहलाई उपलब्ध गराउने उल्लेख छ । पालिकाले औद्योगिक ग्राम निर्माणको डिपिआर पेश नगरेको तथा हालसम्म औद्योगिक ग्राममा के कति रकम खर्च भयो सोको विवरण नराखेबाट उक्त औद्योगिक ग्राममा पालिकाको र मन्त्रालयको साझेदारीको हिस्सा सम्बन्धम एकिन हुन सकिएन ।

९६.४ (18-२०८१-३-२२):

बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले औद्योगिक ग्राम क्षेत्र घेरापर्खाल निर्माण उपभोक्ता समितिलाई घेरापर्खाल निर्माण कार्यको लागि रु.१७४६०८६।० भुक्तानी गरेको छ । भौचर नं.१४ मिति २०८१।१।३० को विलबाट घेरापर्खालको लागि पालिकाले छुट्टै एङ्गल पोल खरिद गरी हस्तान्तर गरेको र सोही सामाग्री योजनामा प्रयोग भएको जनाएकोमा पुन खरिद गरेको देखाई १०९ थान एङ्गल पोलको रु.७९६।६ (जडान बाहेक सामाग्रीको मात्र) का दरले रु.८६८४०।३ भुक्तानी गरेकोले बढी भुक्तानी रकममा उपभोक्ता समितिको अंश बाहेकको रकम रु.७२०७७।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७२,०७७

९६.५ **शीर्षक फरक पारी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले औद्योगिक ग्राम पूर्वाधार निर्माण र कार्यसञ्चालन तथा व्यवस्थापन कार्यक्रमबाट देहायबमोजिमका कार्यक्रममा गरेको खर्च रकम नियमसम्मत नदेखिएको रु.

भौ.नं.	खर्च लेख्नुपर्ने कार्यक्रम	भुक्तानी लिने	खर्च रकम
११-२०८०।१२।९	पारिश्रमिक (मेल्लेख पर्यटन प्रवर्द्धन विकास समिति)	कार्यकारी निर्देशक श्री भीम बहादुर साउद	१७४४५६
१२-२०८०।१२।९	मोवाइल खरिद २ थान	जे.एस. मोबाइल	२३३५००
जम्मा			४०७९५६

अनियमित भएको	४,०७,९५६

९७ **अमानतबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट कार्य गराउनु पर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री ऐन र यस नियमावली बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने व्यवस्था छ । पालिकाले सडक दुर्घटना भएको र सामान ओसार पसार गर्दा समस्या परेको उल्लेख गरी बाटो निर्माण कार्य अमानतबाट गर्ने गरी सव इन्जिनियर श्री राजन खड्कालाई रु.९२०००। ० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

९७.१ **निर्माण व्यावसायीको प्रयोग** - सार्वजनिक खरिद नियमावली अनुसार ज्यालामा लगाउने काम मात्र अमानतबाट गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले माटो कटिङ्गको काम गरेकोमा उक्त कामको लागि म्यानुअल र मेकानिकल दररेट राखी मेकानिकल दररेट अनुसारको काममा निर्माण व्यवसायी प्रयोग गरी निर्माण व्यवसायी श्री एलि कन्ष्ट्रक्सनले पेश गरेको रु.८०८८४।० र डोर हाजिरी रु.११३४०।० को आधारमा रकम भुक्तानी गरेको देखिन्छ । अनमानतमा काम गर्ने उल्लेख गरी निर्माण व्यवसायीको विजकको आधारमा भुक्तानी गरेको देखिएकोले उक्त काम नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	९२,०००

९७.२ **फरक फरक दररेट** - एउटै योजना र एकै निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा एउटै दररेट तयार गरी कार्य गराउनु पर्दछ । पालिकाले उक्त कार्यको लागि सवै प्रकारको माटो खन्ने कार्यको लागि मानिस र डोजर दुवैको दर राखि रकम भुक्तानी गरेको र एकै योजनामा मानिस र डोजर दुवैले कार्य गरेको नदेखिने हुँदा डोजर प्रयोग गरेको ठाउँमा म्यानुअल दर राखि भुक्तानि भएको २१ घ.मी. को बढी दर ४९५.८१ ले हुने रु.१०४१२।० सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,४१२

९८ **हस्तान्तरण नगरेको**

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

९९ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्यहरु निर्माण व्यवसायीबाट गराएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट देखिन्छ । उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो सम्पुर्ण काम डोजर तथा हेभिउपकरण मार्फत गराउदानिर्माण व्यवसायीलाई सव कन्ट्रयाक्टमा लगाएको देखिन्छ । उपभोक्ता समितिलाई प्राप्त सबै काम निर्माण व्यवसायीको डोजर तथा हेभि उपकरण मार्फत गराउदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनु पर्दछ । केहि उदाहरणहरु

भौ.नं.	उपभोक्ता समितिको नाम	उपभोक्ता समितिलाई सम्झौता अनुसार भुक्तानी रु.	संलग्न निर्माण व्यवसायीको नाम	निर्माण व्यावसायीको विल पेश भएको रु.
२०, ४६	लिफ्रुखोला देखि चिप्ले खोलासम्म सडक निर्माण उपभोक्ता समिति	३३१६३२९	सि.वि.आर कन्ष्ट्रक्सन	१९८२५८८
४२-९।२५	घट्टेखोला देखि लिफ्रुखोलासम्म सडक मर्मत	३२३४१५१	सि.वि.आर कनष्ट्रक्सन	२९४९३००
६४-१०।१०	राईथा सडक निर्माण उ.स.	६८६४१३	सन आर वि निर्माण सेवा	६३४८३१
१३-१२।२०	चण्डिका मा.वि. फिल्ड कटीङ्ग	८०००००	सि.वि.आर कनष्ट्रक्सन	८०००००
१८१	गाण्डा फुलचढाउने चौरा फट्के ढुँगा गोपालेगाउँ कृषि सडक	९०२२६९	सि.वि.आर कनष्ट्रक्सन	८६६१७८
१०२-११।१६	कुस्कोट राँफा तोलिपाटा सडक निर्माण	२७४३९८२	एलि कन्ष्ट्रक्सन	१३४०४४१

१०० **स्थानीय दररेट निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

१०१ **बढी भुक्तानी** (१६९-२०८१-२-४):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । पालिकाले आदर्श आधारभुत विद्यालय कुयडाको भवन निर्माण कार्यको लागि पालिकाले रु.१८०००००।० व्यहोर्ने र बाँकी रकम विद्यालयले व्यहोर्ने गरी रु.२३५३२२०।० को लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत कार्य गराएको छ । उक्त भवन निर्माण कार्यमा Stone masonry works with c/s 1:6 mortar upto plinth कार्यमा long wall को काम २ वटा मात्र भएको प्राविधिकको भनाइ र संलग्न फोटोबाट देखिएकोमा ३ वटा वालको रकम भुक्तानी भएकोले १ वाल (१९.१६मी.´०.४मी´०.६२मी.) ४.७५ घ.मी. को रु.११५५४।८२ को दरले रु.५४९०४।८ बढी भुक्तानी भएको छ । उपभोक्ता समितिको अंश बाहेकको बढी भुक्तानी रकम रु.३८४३३।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३८,४३३

१०२ **पाइपको उपयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले टोटिमुङ्ग्रो रोकायागाउँ महर टोल खा.पा. मर्मत आयोजना उपभोक्ता समितिमार्फत निर्माण गरेकोमा देहायबमोजिमको ६०६५ मी. पाइप खरिद भएको उल्लेख भएकोमा संलग्न नापी किताब अनुसार ४२०० मी. मात्र पाइप जडान भएको देखिएकोले बाँकी पाइप कुन योजनामा जडान भएको हो सो सम्बन्धमा उल्लेख छैन । साथै उक्त पाईप कहाँ कुन अवस्थामा छ सो बारे केही खुलाएको पाईएन । तसर्थ बाँकी १८६५ मीटर पाइपको रकम रु.१३८७९७ को जडान भएको तथा पाइपलाईन विस्तार भएको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	विवरण	परिमाण	दर	रकम
१	32 mm HDP Pipe	१७५० मी.	६४.२४	११२४२०
२	20 mm HDP Pipe	४३०० मी.	५८.०९	२४९७८७
३	63 mm HDP Pipe	१५ मी.	३०६.७३	४६००
जम्मा				३६६८०७
जडान पाइप ४२०० मी.				२४३९७८
बाँकी प्रमाण पेश गर्नुपर्ने (मु.अ.कर समेत)				१३८७९७

प्रमाण पेश नगरेको	१,३८,७९७

१०३ **एकै योजनामा दुइ दररेट**

पालिकाले निर्माण गरेका सडक निर्माण योजनामा नरम माटो खन्ने कार्यमा म्यानुअल नर्म्स/ मेकानिकल नर्म्स दुवै र मध्यम तथा कडा चट्टान काट्ने कामको लागि मेशिनको दररेट राखि लागत अनुमान तयार गर्ने गरेको देखियो । साथै सम्पुर्ण कार्यको नापी तयार गर्दा एकमुष्ट नापी तयार गरी प्रतिशतको आधारमा कामको विभाजन गर्ने गरेबाट एकै योजना र एकै चेनेजमा नरम माटो खन्ने कार्य मानिसले मात्र र अन्य कार्य मेशिनबाट भएको मान्न सकिदैन । नमुना छनौट गरी परिक्षण गरिएका योजना मध्ये देखिएका केहि योजनाको भुक्तानी अवस्था देहायबमोजिम रहेको छ ।

भौ.नं.	योजना	काम	परिमाण (घ.मी.)	दर	भुक्तानी रु.	दर
१३४	घट्टेखोला देखि लिफ्रुखोलासम्मको सडक निर्माण उ.स.	सवै प्रकारको माटो खर्ने कार्य	४४२३.६८	६६०.९२	२९२३६९९	मानिस
		मध्यम चट्टान खन्ने कार्य	१८८.७९	१८८.७९	३५६४१.६६	मेशिन
		कडा चट्टान खन्ने कार्य	७३७.२८	३४५.१४	२५४४६४.८	मेशिन
६४	रायथा सडक निर्माण उ.स.	सवै प्रकारको माटो खर्ने कार्य	४२१.५	४३२.६	१८२३४१	मानिस
		सवै प्रकारको माटो खर्ने कार्य	४४८१	४४.४९	१९९३६०	मेशिन
		मध्यम चट्टान खन्ने कार्य	१३४४.४१	११५.०५	१५४६७४	मेशिन
		कडा चट्टान खन्ने कार्य	४५३.३५	२४२.५४	१०९९५६	मेशिन
		कडा माटो खन्ने कार्य	२६९९.६३	६३.५५	१७१५६२	मेशिन
९१	झाडीगाउँ सडक निर्माण उ.स.	सवै प्रकारको माटो	२००.९६	५९४.८३	११९५३७	मानिस
		नरम माटो	६६१.५१	६१.६८	४०८०२	मेशिन
		नरम चट्टान	५६७.०१	१७१.३३	९७१४६	मेशिन
		कडा माटो	५६७.०१	९०.८८	५१५३०	मेशिन
		कडा चट्टान	९७.६६	२९५.८१	२८८८९	मेशिन
१८१	गाण्डा फुलचडाउने चौरा फट्केढुँगा गालेगाउँ कृषि सडक उ.स.	सबै प्रकारको माटो	३६०४.७७	६६०.९२	२३८२४६५	मानिस
		नरम चट्टान	१६६३.७४	१८८.७९	३१४०९८	मेशिन
		कडा चट्टान	२७७.२९	३४५.१४	९५७०४	मेशिन

उल्लेखित योजनामा मेशिन प्रयोग गरेको अवस्थामा सोही स्थानमा सवै प्रकारको खन्ने कार्य मानिसले गरेको मान्न नसकिने तथा मानिसको प्रयोगबाट एकै योजनामा ठुलो परीमाणमा काम गरेको मान्न सकिदैन । Norms for Rate analysis of road and bridge works 2075 अनुसार तथा पलिकामा सञ्चालित अन्य योजनाको निर्माण कार्यमा सवै प्रकारको माटो खन्ने कार्यको लागि प्रति घन मी. को रु.७२।० मात्र हुने भएकोले उक्त दरभन्दा बढी दरमा मानिसको प्रयोग भएको उल्लेख गरी भुक्तानी भएको भएको छ । उल्लेखित योजना मध्ये देहायका योजनमा मानिसबाट कार्य गराएको स्वभाविक देखिदैन । यसरी एकै योजनामा दोहोरो दर राखि भुक्तानी गर्ने कार्यमा नियन्त्रण गरी अस्वभाविक रुपमा मानिसको प्रयोग गरेको उल्लेख गरि भुक्तानी भएको रकम रु. ३९९२८४४।० का सम्बन्धमा पालिकाबाट एकिन गर्नुपर्ने रु

योजना	परिमाण (घ.मी.)	बढी दर रु.	भुक्तानी रु.	उ.स.को अंश बाहेकको रु.
घट्टेखोला देखि लिफ्रुखोलासम्मको सडक निर्माण उ.स.	४४२३.६८	५८८.९२	२६०५१९३	२१८८३६२
गाण्डा फुलचडाउने चौरा फट्केढुँगा गालेगाउँ कृषि सडक उ.स.	३६०४.७७	५८८.९२	२१२२९२१	१८०४४८२
जम्मा				३९९२८४४

प्रमाण पेश नगरेको	३९,९२,८४४

१०४ **शीर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले यस वर्ष गाउँपालिका पुँजीगत तर्फका निम्नानुसार कार्यक्रममा रकमान्तर तथा निर्णय नै नगरी तोकीएको खर्च शीर्षक भन्दा फरक पारी खर्च गरेको छ । शिर्षक फरक पारी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रू

भौ.नं.	खर्च लेख्नुपर्ने कार्यक्रम	खर्च लेखेको शिर्षक	भुक्तानी रकम
६०-१०।।८	लिफ्रुखोला सानीखेत सडक मर्मत	फर्निचर खरिद	१२७६२२
१९०-२।३१	कासागाड जलविद्युत पावर हाउस निर्माण	फर्निचर खरिद	४००००
	निवाडा रिठगाउँ सिचाई कुलो निर्माण		२००००
	टोटीमुड्ग्रा रोकाया गाउँ मगर टोल खापा मर्मत		४००००
	कालिका मा.वि. घेरावार निर्माण		३८६५०
१२९-१२।२१	सानिखेत खापा मर्मत	विभिन्न कार्यालय सामाग्री खरिद र विद्युत महसुल भुक्तानी	५००००
	विद्युत संरचना सुधार तथा व्यवस्थापन		५००००
	वडा नं. २ को इतिहास सहितको प्रोफाइल निर्माण		१०००००
जम्मा			४६६२७२

अनियमित भएको	४,६६,२७२

१०५ **साना सिचाई कार्यक्रम**

पालिकाले यस वर्ष प्रदेश सरकारबाट हस्तान्तरित शसर्त पूँजीगत बजेटबाट साना सिंचाई निर्माण तथा मर्मत कार्यक्रममा रु.१२०००००।० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

१०५.१(3-२०८०-११-३):

बढी खर्च - सुदुरपश्चिम प्रदेश सरकार भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को बुँदा नं. १४(६) मा साना सिँचाई निर्माण तथा मर्मत कार्यक्रमका लागि प्रत्येक सिँचाई योजनाका लागि बढिमा १ लाख ५० हजार अनुदान दिइने उल्लेख छ । पालिकाले कार्यविधि विपरित उपभोक्ता समिति मार्फत बगिरखोला ढाका सिचाई कुलो निर्माण उपभोक्ता समिति गठन गरी रु.१४५७१४८।० को कार्य गराई रु.१२०००००।० भुक्तानी गरेको छ। कार्यविधिमा उल्लेख भएकोभन्दा बढीको कार्य गराई एकै सिँचाई योजनामा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१२,००,०००

१०५.२ **दोहोरो नापी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । बगिरखोला ढाका सिचाई कुलो निर्माण कार्यक्रममा संलग्न श्रेस्ता, नापी किताब तथा फोटो अनुसार ९३.१ मीटर मेशिनरी वाल निर्माण गरी सोही माथि तथा अन्यत्र गरी १५७.५ मीटर लामो कुलो निर्माण गरेको देखिन्छ । मेशिनरी वालको माथि कुलो निर्माण गरेको अवस्थामा उक्त क्षेत्रमा कुलो निर्माणको लागि सोलिङ्ग कार्य गर्नु नपर्नेमा सो समेत भुक्तानी भएकोले उक्त क्षेत्रको सोलिङ्ग कार्य (९३.१´०.६´०.१५) ८.३७९ घ.मी. को रु.४०३८.३० का दरले रु.३४०८८।० र कुलोको बेशको लागि आरसिसि कंक्रिटको कामको रकम भुक्तानी गरेको अवस्थामा मेशिनरी वालको वाल टपको भुक्तानी परिमाण घटाउनु पर्नेमा नघटाएको ३.८७ घ.मी. (९३.१´०.५२´०.०८) को रु.१४६३६।७२ का दरले रु.५६६४४।० समेत जम्मा रु.९०७३२।० मा उपभोक्ता समितिको अंश वाहेकको रकम रु.७७१२२।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७७,१२२

१०६ **लमसममा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष निर्माण भएका देहायबमोजिमको भवन निर्माण कार्यमा Electrification, water supply and sanitary work को लागि जम्मा निर्माण कार्यको ३ देखि ८ प्रतिशत दरले एकमुष्ट भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी भुक्तानी रकम बराबरको नापी पनि नहुने तथा उपभोक्ता समितिबाट सो कार्यको विल विजक पेश नहुँदा भुक्तानी रकम बराबरको नै कार्य भएको सम्बन्धमा एकिन हुन सकिदैन । अतः लमसममा भुक्तानी भएको रकम बराबरको खर्च भएको देखिने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भौ नं.	कार्यक्रम	सम्झौता रु.	जम्मा भुक्तानी रु.	लमसमको भुक्तानी रु.
१७	आदर्श आधारभुत विद्यालय कुयडा भवन निर्माण	१२४७३३६	८८८८८३	९१३१३
८२	पिपलचौर मा.वि. भवन निर्माण	१२४२३५४	९९५५६१	६२११८
२३८	चण्डिका मा.वि. भवन निर्माण	२५३०२३९	२००००००	१२०४८७
२७	छाप्रे वर्थिङ्ग सेन्टर निर्माण	५८७२१७१	४००००००	२७९६२६
	जम्मा	१०८९२१००	७८८४४४४	५५३५४४

प्रमाण पेश नगरेको	५,५३,५४४

१०७ **बढी दरमा भुक्तानी**

सडक विभागबाट जारी गरिएको Norms for Rate analysis of road and bridge works 2075 अनुसार सवै प्रकारको माटो खन्ने कार्यको लागि प्रति घन मी. को रु.७२।० हुन आउँछ । पालिकाले देहायबमोजिमको योजनामा माटो खन्ने कार्यको लागि नर्म्स र अन्य योजनामा प्रयोग भएको दर भन्दा बढी दर राखि रु.१७७३५८।० बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकममा उपभोक्ता समितिको अंश बाहेकको रकम रु.१४५८१४।० सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ । रु.१४५८१४।०

भौ.नं.	कार्यक्रम	कामको विवरण	परिमाण (घ.मी.)	हुनुपर्ने दर रु.	भएको दर रु.	बढी भुक्तानी रु.	उस को अंश बाहेकको रु.
७३- १०।१२	पुरानाकोट आ.वि. खेल मैदान निर्माण	नरम माटो खन्ने कार्य	७१२.३८	७२	१५४.३१	५८६३६	७९०३०
		कडा माटो खन्ने कार्य	२६२.४५	७२	२२४.९९	४०१५२	
२९- ८।२९	बेतालमाण्डौ आधारभुत विद्यालय खेल मैदान निर्माण	सबै प्रकारको माटो खन्ने कार्य	७०८४.८	७२	८३.०९	७८५७०	६६७८४
जम्मा						१७७३५८	१४५८१४
						असुल गर्नुपर्ने	१,४५,८१४

१०८ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

रकम रु.हजारमा

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय रु.	आन्तरिक आय प्रतिशत
४३३०११	१४०३	०.३२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१०९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क तथा व्यवसाय कर वापत रु.४९१५०।० कर सङ्कलन गरेको छ । पालिकामा व्यवसाय सञ्चालन गर्न व्यवसायी सम्बन्धि विवरण अद्यावधिक गरी राख्ने नगरेका कारण पालिकाको व्यवसाय कर न्युन रहेको देखियो । आफ्नो अधिकार क्षेत्र अन्तर्गतको कर प्रणालीलाई प्रभावकारी बनाइ पालिकाले आन्तरिक राजस्व वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

११० आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्थाछ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१४०३००७।०० अर्थात अनुमानको ३५.०८ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१११ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार अनुमानको तुलनामा ० प्रतिशत देखि १९६.६४ प्रतिशत सम्मरहेको देखिन्छ।

क्र.सं.	राजस्व संकेत	आय शीर्षक	अनुमान	आय रु.	प्रतिशत
१	११३१३	सम्पती कर	०	१९,२४०.००	-
२	११३१४	भुमिकर/मालपोत	१,५०,०००.००	१,५४,९०१.००	१०३.२७
३	११३१७	वहालकर	०	५६,०८८.००	-
४	११४५१	सवारी साधन कर (साना सवारी)	३,००,०००.००	०	०.
५	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०	३,०००.००	-
६	११६११	व्यवसायले भुक्तानी गर्ने	०	२०,५००.००	-
७	११६९१	अन्यकर	०	१,११,६२०.००	-
८	१४२१९	अन्यसेवा शुल्क तथा बिक्री	९,६०,०००.००	१००.	०
९	१४२२५	यातायात क्षेत्रको आम्दानी	०	६०,०००.००	-
१०	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०	१२,३००.००	-
११	१४२४२	नक्सापास दस्तुर	०	१,०००.००	-
१२	१४२४३	सिफारिश दस्तुर	१,४०,०००.००	२,७५,३०१.००	१९६.६४
१३	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	३,५०,०००.००	३,०६,४०७.००	८७.५४
१४	१४२४५	नाता प्रमाणित दस्तुर	१,००,०००.००	१,०५०.००	१.०५
१५	१४२४९	अन्य दस्तुर	०	५६,६५०.००	-
१६	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	८,००,०००.००	२४,५००.००	३.०६
१७	१४२६५	अन्यक्षेत्रको आय	०	१,०००.००	-
१८	१४५२९	अन्यराजस्व	१०,५०,०००.००	२,७३,३००.००	२६.०३
१९	१४६११	व्यवसायकर	१,५०,०००.००	४,१५०.००	२.७७
२०	१५१११	बेरूजू	०	२१,९००.००	-
		जम्मा	४००००००	१४०३००७	३५.०७

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

११२ राजस्व आम्दानी

पालिकाले यस वर्ष विभिन्न शिर्षकमा गरी जम्मा रु.१४०३००७।० राजस्व संकलन गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

- **राजस्वको हिसाव** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को दफा २७ मा राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । सो सम्बन्धी लगत राख्ने, हिसाव भिडान गर्ने लगाएत का कार्य गर्ने गरेको पाइएन।

- **निरिक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र लगती राजस्व तथा हसबली राजस्वको लेखा रहे वा नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था भएकोमा सो गरेको पाइएन ।
- पालिकाले म.ले.प. फाराम नं. ९०४ रसिद नियन्त्रण खाता, म.ले.प. फाराम नं. १०२ दैनिक राजस्व/आम्दानी खाता, म.ले.प. फाराम नं. १०९ राजस्वको बैँक हिसाव मिलान विवरण, म.ले.प. फाराम नं. १११ करदाताको लगत लगाएतका राजस्व सम्बन्धि विवरणहरु राखेको पाइएन । जसबाट पालिकाले यस वर्ष काटेका रसिद ठेली र फिर्ता रसिद ठेली, संकलित करको यथार्थता, वास्तविक आम्दानी र दाखिला लगाएतका विषयमा एकिन हुन सकिएन ।

ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसारको कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई पालिकाको राजस्व आम्दानीलाई प्रभावकारी वनाउनेतर्फ जोड दिनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मेल्लेख गाउँपालिका, अछाम , मेल्लेख गाउँपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धुर्व प्रसाद सापकोटा	२०७९-५-१०	२०८०-९-१
कार्यालय प्रमुख	हिक्मत बहादुर बुढा	२०८०-९-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	डम्मर बहादुर बिष्ट	२०८०-१२-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,५४८,२१७	१५,८२७,२५९.९७	१९,८६४,२८७.८६	०	०	४७,५००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३७,२८७,२६४.८३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१५७,०९४
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३७,१३०,१७०.८३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६६६७३२७८.१३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३१९४९५०४७	चालु खर्च	३०७०४२३४४.२३
प्रदेश सरकारबाट अनुदान	२७०१५१४९	पूँजीगत खर्च	१५१३५३७३२.७४
राजश्व बाँडफाँट	८६५००८०८.१६	वित्तीय/अन्य व्यवस्था	१४६४४८७८५.९२
आन्तरिक आय	१४०३००७.०		
अन्य आय	१४७४७१२७२.१४		
कुल आय	५८१८८५२८३.३	कुल खर्च	६०४८४४८६२.८९
बाँकी मौज्दात		४३७१३६९८.५४	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।